प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# प्रदेश सुशासन केन्द्र

बागमती प्रदेश ,जावलाखेलललितपुर ,

# जिरि नगरपालिका

## राजस्व सुधार कार्ययोजना
## (Revenue Improvement Action Plan-RIAP)

प्रतिवेदन

२०७८

जिरि नगरपालिकाको कार्यालय

वाग्मती प्रदेश, जिरि, दोलखा

नेपाल

नेपाल डेभलमेन्ट कन्सल्टेन्सी

अनामनगरकाठमाण्डौ ,

# बिषय सुची


| पेज नं. | शिर्षक | पेज नं. |
|---|---|---|
| **परिच्छेद — १: कार्ययोजनाको परिचय** | | |
| १.१ | कार्ययोजनाको बारेमा | १ |
| १.२ | राजस्व सुधार योजनाको परिचय | १ |
| १.३ | कार्ययोजनाको उद्देश्य | २ |
| १.४ | कार्यशाला सञ्चालन विधि तथा प्रक्रिया | ३ |
| | १.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन | ३ |
| | १.४.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास | ३ |
| | १.४.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यशाला | ४ |
| | १.४.४ तथ्यांक/सूचना संकलन | ५ |
| | १.४.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी | ६ |
| | १.४.६ अन्तिम कार्यशाला गोष्ठी | ६ |
| १.५ | अध्ययनको सीमा | ६ |
| **परिच्छेद — २: नगरपालिकाको संक्षिप्त परिचय** | | |
| २.१ | भौगोलिक अबस्थिति | ८ |
| २.२ | जनसंख्या | ८ |
| २.३ | आम्दानीको आधार | ९ |
| २.४ | नगरपालिकाको स्थापना | ९ |
| २.५ | नगरपालिकामा हाल कार्यरत कर्मचारीहरुको विवरण | १० |
| **परिच्छेद — तीन: राजस्व अधिकार तथा आय सम्भाव्यता** | | |
| ३.१ | स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था | १२ |
| ३.२ | आन्तरिक आय परिचालनको वर्तमान अवस्था | १६ |
| ३.३ | आन्तरिक स्रोततर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण | १८ |
| | ३.३.१ कर राजस्व | १८ |
| | ३.३.२ गैर कर राजस्व | २३ |
| **परिच्छेद — चारः आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था** | | |
| ४.१ | राजस्व परिचालन सम्बन्धी संस्थागत संरचना | २९ |

४.२ विगतको आय परिचालनको अवस्था ३०
४.३ आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता ३१
४.४ राजस्व परिचालनमा रहेका सवालहरू ३२
**परिच्छेद – पाँचः राजस्व सुधार कार्ययोजना**
५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना ३४
**परिच्छेद – छः आगामी तीन वर्षको आय प्रक्षेपण**
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ४१
६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण ४३
**परिच्छेद – सात: निष्कर्ष तथा सुझाव**
**७.१: निष्कर्ष तथा सुझाव ४६**
अनुसूची १: सन्दर्भ सामग्रीहरू ४९
अनुसूची २: तथ्यांक तथा सूचना संकलनका लागि प्रयोग गरिएको सूची तथा फारम ५०
अनुसूची ३: राजस्व परिचालन तथा योजना तर्जुमा सम्बन्धी कार्यशालाको उपस्थिति विवरण ५६
अनुसुचि- ४: जिरि नगरपालिकाको आर्थिक ऐन ५९
अनुसुचि- ५: फोटो ग्यालरी ९२

# तालिका सुचि


| तालिका नं. | शिर्षक | पेज नं. |
|---|---|---|
| तालिका १ | वडा अनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी बिबरण | ८ |
| तालिका २ | आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था | ९ |
| तालिका ३ | पहिलो पटक नगरपालिका घोषणा हुँदाको नगरपालिकाको वडा संरचना | १० |
| तालिका ४ | नगरपालिकामा कार्यरत कर्मचारीहरुको विवरण | १० |
| तालिका ५ | नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था | १७ |
| तालिका ६ | घरजग्गा करको संभाब्यता विबरण | २१ |
| तालिका ७ | राजस्व परामर्श समिति | २९ |
| तालिका ८ | विगत तिन आर्थिक वर्षमा आन्तरिक आय संकलनको अवस्था र औसत बृद्धि दर | ३० |
| तालिका ९ | कर राजस्व सूधार कार्ययोजना | ३५ |
| तालिका १० | गैरकर राजस्व सुधार योजना | ३६ |
| तालिका ११ | राजस्व प्रसासन सुधार योजना | ३८ |
| तालिका १२ | आगामी आ.व.२०७८/७९ का लागि राजस्व प्रक्षेपणका आधार | ४१ |
| तालिका १३ | आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण | ४४ |
| तालिका १४ | प्रक्षेपित आय संरचना | ४७ |

# परिच्छेद –१: कार्ययोजनाको परिचय

## १.१ कार्ययोजनाको बारेमा

नगरपालिकाको विद्‍यमान राजस्व अवस्थामा सुधार गर्ने तथा आगामी तीन वर्ष सम्मको राजस्व प्रक्षेपण गर्ने कार्यलाई सहयोग पुऱ्याउन परामर्श विज्ञहरुको सहयोगमा जिरि नगरपालिकाले यो राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan - RIAP) तयार गरेको हो । यस प्रतिवेदनमा जिरि नगरपालिकाको राजस्व परिचालनको वर्तमान अवस्था अध्ययन, विश्लेषण गरी प्राप्त नतिजाका आधारमा राजस्वसुधारको लागि गर्नुपर्ने कार्यहरूको पहिचान गरिएको छ र सोहि आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण समेत गरिएको छ । यस राजस्व सुधार कार्ययोजनाले नगरपालिकाको राजस्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्ने तथा उक्त कार्यहरूको अनुगमनका लागि तथा आगामी वर्षहरूको आय बजेट तयार गर्न आधार उपलब्ध गराउने विश्वास लिइएको छ। यस कार्ययोजनामा निम्न विषय वस्तुहरूलाई समेटिएको छ।

- राजस्व सुधार कार्ययोजनाको परिचय
- नगरपालिकाको संक्षिप्त परिचय
- स्थानीय तहको राजस्व अधिकार तथा आय संभावना
- आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था
- राजस्व सुधार कार्ययोजना
- आगामी ३ वर्षको आय प्रक्षेपण
- निष्कर्ष तथा सुझाव

## १.२ राजस्व सुधार योजनाको परिचय

नेपालको राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने विद्‍यमान संवैधानिक व्यवस्था रहेको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ । यसका लागि स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँड बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैरकर लगाउने अधिकार प्रदान गरिएको छ। साथै

स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत छ ।

संवैधानिक अधिकार भित्र रही स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले नगरपालिकालाई आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएता पनि ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूणर्रुपमा परिचालन गर्न सकिरहेका छैनन्। यसको मुख्य कारण स्थानीय तहको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ।

जिरि नगरपालिकाको राजस्व सुधारका लागि नगरपालिकाकै नेतृत्वमा सहभागितामूलक पद्दति अवलम्वन गरी यो कार्ययोजना तर्जुमा गरिएको छ। यस दस्तावेजको प्रमुख उपलब्धीका रुपमा नगरपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवालाहरुलाई राजस्व परिचालनको क्षेत्रमा आधारभूत जानकारी प्राप्त हुनुका साथै नगरपालिकाको आन्तरिक आयको क्षेत्रमा रहेका समस्या तथा अवसरहरूको पहिचान गरी सुधारको कार्ययोजना तयार गर्ने र आगामी तीन वर्षका लागि आयको प्रक्षेपण गर्ने मार्गदर्शन तयार भएको हुनेछ।

### **१.३ कार्ययोजनाको उद्देश्य**

जिरि नगरपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना र विद्यमान समस्याहरूको विश्लेषण गरी सुधारका क्रियाकलाप पहिचान गर्न र सोको आधारमा आगामी ३ वर्षको आय प्रक्षेपणमा नगरपालिकालाई सहयोग पुर्‍याउनु नै यस कार्ययोजना तयारी गर्नुको मुलभूत उद्देश्य हो । यस कार्ययोजनाका विशिष्ठ उद्देश्यहरू देहाय अनुसार रहेका छन्ः

- नगरपालिकाको आय अधिकार तथा सुधार योजना सम्बन्धमा प्रमुख, उपप्रमुख, कार्यपालिकाका सदस्यहरु, राजस्व परामर्श समितिका पदाधिकारीहरु, शाखा प्रमुखहरू, वडा सचिवहरु, राजस्व प्रशासनमा संलग्न कर्मचारीहरू, प्रमुख राजनीतिक दल तथा उद्योग वाणिज्य संघका प्रतिनिधि र अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने ।
- शीर्षकगत रुपमा करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।

- आन्तरिक आय वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- राजस्व प्रशासनको संस्थागत व्यवस्था, बिलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- नगरपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय प्रक्षेपण एवम् आय सुधार रणनीति सहितको राजस्व सुधार कार्य योजना तयार गर्ने ।

## १.४ कार्यशाला सञ्चालन विधि तथा प्रक्रिया

कार्ययोजना तयारी गर्ने कार्य नगरपालिकाका पदाधिकारी, शाखा प्रमुख तथा अन्य कर्मचारी र वडा सचिवहरू सहितको सहभागितामा कार्यशाला आयोजना गरी सम्पन्न गरिएको थियो । त्यसबाहेक, सरोकारवालाहरूसँगको अन्तरक्रिया तथा सूचना संकलन फारामको उपयोग तथा सम्बन्धित कर्मचारी तथा जनप्रतिनिधिहरुसँग छलफलजस्ता विधिहरूबाट कार्ययोजना तयारीका लागि थप सूचना संकलन गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूको विस्तृत विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### १.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू संकलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । प्रतिवेदनका लागि आवश्यक सूचना नगरपालिकाको कार्यालयमा रहेका राजस्व शाखा, लेखा शाखा, योजना शाखा, नक्सा शाखा, प्रशासन शाखालगायत अन्य शाखा र एकाइहरुबाट संकलन गरिएको थियो । थप सूचनाका लागि सम्बन्धित कर्मचारी तथा पदाधिकारीहरुसँग छलफल गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सन्दर्भ सामग्रीहरू अनुसूची १ मा दिइएको छ ।

### १.४.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास

तथ्यांक संकलन गर्नुअघि सम्बन्धित विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन तथा विश्लेषण गरी परामर्शदातृ संस्थाले अन्य स्थानीय तहहरुमा गरेको अभ्यास समेतलाई मध्यनजर गरी सूचना संकलनका लागि आवश्यक फारामहरूको विकास गरिएको थियो । नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फाराम अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

### १.४.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यशाला

नगरपालिकामा प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न नगरपालिका परिवारको लागि उपयुक्त समय तय भएपछि प्राविधिक परामर्शदाता टोली आषाढ १२ गते जिरि आइपुगेको थियो । नगरपालिकाका प्रमुख पदाधिकारीहरूसँग भएको छलफल र समझदारी अनुरुप २०७८ आषाढ .... गते राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि प्रारम्भिक कार्यशाला गोष्ठी सञ्चालन गरिएको थियो । कार्यशाला गोष्ठीमा नगरपालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्यहरू, उद्योग वाणिज्य संघका प्रतिनिधि, नगरपालिकाका शाखा प्रमुखहरू, वडा सचिव, लगायत सहजकर्ता टोली सहित कुल १५ जनाको सहभागिता रहेको थियो । सहभागीहरुको नामावली अनुसूची ३ मा राखिएको छ ।

कार्यशालाको अध्यक्षता नगरपालिका उप प्रमुख श्री कृष्णमाया बुढाथोकिले गर्नुभएको थियो । गोष्ठीको शुभारम्भ सत्रमा मन्तव्य व्यक्त गर्दै नगरपालिका प्रमुख श्री टंक बहादुर जिरेलले सामान्यतया राजस्व वृद्धिमा यथोचित ध्यान दिने परिपाटी कम भएको तथा सम्भाव्य सबै क्षेत्रमा राजस्व संकलन गर्न नसकिएको परिवेशमा राजस्व सुधार कार्ययोजनाले कर तथा गैरकरको दर तथा दायरा सम्बन्धमा यथार्थपरक विश्लेषण गरी नगरपालिकाको कुल राजस्वको आकार पहिचान गरी राजस्वका दरहरुलाई सान्दर्भिक बनाउन सक्ने अपेक्षा व्यक्त गर्नु भएको थियो । कार्यशाला गोष्ठीमा स्वागत मन्तव्य व्यक्त गर्दै प्रमुख प्रशासकीय अधिकृत श्री जगदिश चन्द्र शिवाकोटीले स्थानीय तहमा धेरै जिम्मेवारी रहेको, जिम्मेवारीका तुलनामा स्रोतको कमी रहेको, धेरै ध्यान खर्चमा रहेको तर कसरी आय वृद्धि गर्न सकिन्छ भन्ने सम्बन्धमा कम ध्यान पुग्ने गरेको र सानो प्रयासमा पनि ठूलो राजस्व संकलन गर्न सक्ने अवसर भएकाले कुरा व्यक्त गर्दै नगरपालिकाको हाल रजस्व संकलनको अवस्थालाई संक्षेपमा प्रस्तुत गर्ने भएको थियो । शुभारम्भ सत्रको सञ्चालन लेखा अधिकृत श्री महेश्वर प्रसाद अधिकारीले गर्नुभएको थियो । शुभारम्भ सत्र सम्पन्न भएपछि प्राविधिक टोलीलाई कार्यशाला सञ्चालनका लागि बाँकी सत्रहरू सञ्चालनको जिम्मा दिइएको थियो।

कार्यशाला गोष्ठीको प्रारम्भमा परामर्शदाताहरुले कार्यक्रमको सामान्य परिचय, कर तथा गैर कर सम्बन्धी सैद्धान्तिक पक्षहरु, स्थानीय तहको राजस्व अधिकार तथा राजस्व सुधार कार्ययोजनाको आवश्यकता र औचित्यका सम्बन्धमा विषयवस्तुको प्रस्तुतिसहित सत्र सहजीकरण गर्नुभएको थियो । प्रस्तुतिकरण सत्र सम्पन्न भए पश्चात सहभागीहरुलाई निम्न तीन समूहमा विभाजन गरी राजस्व सुधार कार्ययोजनाका आधारभूत विषयवस्तुमा छलफल गरी तयार पारिएको समूह कार्यलाई प्लेनरीमा प्रस्तुती र छलफल गरी निष्कर्ष सहित कार्यशालाको समापन गरिएको थियो ।

| समूह | समूह कार्यको शीर्षक/क्षेत्र |
|---|---|
| समूह १. | कर राजस्व सुधार योजना |
| समूह २. | गैरकर राजस्व सुधार योजना (नयाँ क्षेत्र समेत) |
| समुह ३. | राजस्व प्रशासन (आयको अभिलेख तथा संकलन, संगठन, अनुगमन र समन्वय) |

कार्यशाला समापनको अध्यक्षता गरिरहनु भएका नगर उपप्रमुख श्री कृष्णमाया बुढाथोकिले हाल परिवर्तित व्यवस्था अनुरुप नगरपालिकाको राजस्व परिचालनमा प्रभावकारीता ल्याउन यस कार्यक्रम आयोजना गरिएको र यस कार्ययोजनाको तर्जुमाबाट नगरपालिकाको आन्तरिक आय वृद्धिमा ठोस सुधारको अपेक्षा गर्दै सहभागी सबैलाई धन्यवाद व्यक्त गर्नु भएको थियो । त्यसअघि कार्ययोजनाका लागि आवश्यक सूचना संकलन तथा अन्य सहयोगका लागि राजस्व शाखा प्रमुख श्री महेश्वर प्रसाद अधिकारीलाई सम्पर्क व्यक्तिका रुपमा जिम्मवेवारी प्रदान गरिएको थियो ।

### १.४.४ तथ्यांक/सूचना संकलन

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषण पश्चात् परामर्शदाताहरूबाट तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास गरि गत आषाढ १२ गते गाउँपालिकाका कर्मचारीहरु संग प्रत्यक्ष रुपमा गाउँपालिकाको कार्यालयमा राजस्व परामर्शदाताहरुले भेट गरेका थिय। गाउँपालिकाको राजस्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्याङ्क संकलनको लागि प्रयोग गरिएको फारम अनुसूची २ मा प्रस्तुत गरिएको छ। अध्ययनका क्रममा गाउँपालिकाका कर्मचारीहरुको समन्वयमा निम्न क्षेत्रगत तथ्याङ्क एवं सूचनाहरू संकलन गरियो।

अध्ययनका क्रममा परामर्शदाताद्वारा नगरपालिकाका विभिन्न शाखाहरू तथा सरोकारवाला पक्षहरूसँग छलफल, अन्तरक्रिया, स्थलगत अवलोकन एवम् प्रकाशित अप्रकाशित प्रतिवेदनहरुबाट आवश्यक सूचनाहरू संकलन गरिएको थियो । यसका अलावा तथ्यांक संकलनका लागि गठित समितिले आवश्यक तथ्यांकहरू संकलन गरी प्राविधिक टोलीलाई उपलब्ध गराएको थियो । अध्ययनका क्रममा निम्न क्षेत्रगत तथ्यांक एवं सूचनाहरू संकलन गरिएको थियोः

- राजस्व प्रशासन तथा सूचना प्रवाहसम्बन्धी विवरण
- गत वर्ष तथा चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- नगरपालिकाको वस्तुगत विवरण

- कर्मचारी विवरण तथा संगठन संरचना (organogram)
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना

#### १.४.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी

कार्यशाला, समूहगत छलफल र स्थलगत भ्रमण तथा सन्दर्भ सामाग्री एवम् प्रतिवेदनहरुको अध्ययनबाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्यांकीय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी विभिन्न विधिहरूबाट विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरी राजस्वसुधार कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको हो ।

#### १.४.६ अन्तिम कार्यशाला गोष्ठी

यो मस्यौदा प्रतिवेदनमाथि नगरपालिकाको सल्लाह सुझाव प्राप्त भइसकेपछि नगरपालिकासँग समन्वय गरी अन्तिम कार्यशाला गोष्ठीको आयोजना गरिनेछ । अन्तिम कार्यशाला गोष्ठीमा नगरपालिका पदाधिकारी, शाखा प्रमुख तथा अन्य कर्मचारी, उ.वा.संघ लगायतका सरोकारवालासँग मस्यौदामाथि विस्तृत छलफल गरी थप राय सुझाव संकलन गरिनेछ । यस मस्यौदामा प्राप्त सुझाव, अन्तिम कार्यशालामा प्राप्त गरिने सुझाव, नगरपालिका लगायत अन्य सरोकारवालाहरूबाट प्राप्त हुने सुझाव तथा प्राविधिक टोलीको स्थलगत अध्ययन र परामर्शदाताको समग्र अनुभवमा आधारित रही यस मस्यौदा प्रतिवेदनलाई अन्तिम रुप दिइनेछ ।

### १.५ अध्ययनको सीमा

नगरपालिकाको राजस्व सुधार कार्य योजनाको क्षेत्र व्यापक रहेको भएता पनि सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययन प्रतिवेदनका आफ्नै सीमाहरू रहेका छन्, जुन निम्नानुसार रहेका छन्ः

- अध्ययन तथा विश्लेषण कार्यका लागि प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आधार लिइएको छ । यसका अतिरिक्त नगरपालिकाका सम्बन्धित प्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसँग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।

- नगरपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा आंशिक रुपमा स्थलगत अध्ययनबाट संकलन गरिएको छ । तथ्यांक संकलनको लागि विस्तृत स्थलगत सर्भेक्षण कार्य गर्न समय र स्रोतको सिमितता रहेको र परामर्श सेवाको कार्यक्षेत्रगत शर्तमा समाबेश नभएकोले संभव भएन ।
- संघीय तथा प्रदेश सरकारसँग प्राकृतिक स्रोत तथा पर्यटन शुल्कबाट प्राप्त हुने राजस्वको बाँडफाँडको व्यवस्था स्पष्ट नभएकोले यस प्रतिवेदनमा समावेश गर्न सकिएको छैन । सो विषयमा स्पष्टता भए पश्चात् यस प्रतिवेदनलाई परिमार्जन गर्न आवश्यक देखिन्छ, जुन कार्य यस अध्ययनको कार्यक्षेत्रमा समावेश छैन ।
- नगरपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, नगरपालिकाको सेवामा हुने वृद्धि र नागरिक संन्तुष्टिमा हुने वृद्धि, मूल्यांकन दरमा हुने वृद्धि तथा राजस्वका दरको पुनरावलोकन आदि क्रियाकलापहरूले भविष्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्यांकहरू उपलब्ध नभएकाले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।

# परिच्छेद – २: नगरपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा नगरपालिकाको आय परिचालनसँग प्रत्यक्ष-अप्रत्यक्ष सम्बन्धित पक्षहरूलाई समावेश गरिएको छ । यसले नगरपालिकाको भौगोलिक आर्थिक तथा सामाजिक अवस्था तथा नगरपालिकाको संस्थागत क्षमतालाई चित्रण गर्दछ ।

**२.१ भौगोलिक अबस्थितिः** नेपालको मानचित्रमा २७°३३'४८" देखि २७०४६'२६" उत्तरी अक्षांससम्म र ८६°११'१९" देखि ८६०२५'५०" पूर्वी देशान्तरसम्म फैलिएर रहेको जिरी नगरपालिका प्रदेश नं. ३ अन्तर्गत दोलखा जिल्लाको साविकको श्यामा र जिरी नगरपालिका मिलेर बनेको नगरपालिका हो। समुद्र सतहबाट १६४९ मिटरदेखि ५३४१ मिटरसम्मको उचाइमा अवस्थित रहेको यस नगरपालिकाले कुल २११.२५ वर्ग किलो मिटर क्षेत्रफल ओगटेको छ । नगरपालिकाको पूर्वमा रामेछाप जिल्ला, पश्चिममा बैतेश्वर र गौरीशंकर गाउँपालिका, उत्तरमा गौरीशंकर गाउँपालिका र दक्षिणमा तामाकोशी गाउँपालिका र रामेछाप जिल्ला रहेका छन्। पहाडी र हिमाली क्षेत्रमा पर्ने यस नगरपालिका सो क्षेत्रका व्यापारिक र प्रशासनिक बाहेक प्राकृतिक धार्मिक महत्वको साथै नदीनाला र वनजंगल जस्ता प्राकृतिक श्रोत साधनमा धनी नगर हो ।

**२.२ जनसंख्याः** राष्ट्रिय जनगणना, २०६८ अनुसार जिरी नगरपालिकाको जनसंख्या १५,५१५ रहेको छ जस मध्ये पुरुष ४६.०३ प्रतिशत (७,१४१ जना) र महिला ५३.९७ प्रतिशत (८,९७४ जना) रहेका छन्। सोही अनुसार लैंगिक अनुपात अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ८५.२८ रहेको छ । वार्डगत रुपमा यसलाई निम्न तालिका अनुसार देखाईएको छ।

**तालिका १ वडा अनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी बिबरण**

| वार्ड | क्षेत्रफल (वर्ग कि.मि.) | घरधुरि संख्या | पुरुष संख्या | महिला संख्या | कुल जनसंख्या |
|---|---|---|---|---|---|
| १ | १०६.७५ | २७३ | ५१२ | ६४३ | ११५८ |
| २ | १७.५२ | ३८४ | ७२२ | ८९८ | १६२० |
| ३ | १३.६१ | ४७६ | ८२१ | १०१७ | १८३८ |
| ४ | ११.८९ | ३७७ | ६८४ | ७९३ | १४७७ |
| ५ | ६.७७ | ४९३ | ८८४ | ९९२ | १८७६ |
| ६ | १२.३४ | ५०४ | ८८६ | १००९ | १८९५ |
| ७ | १३.४० | ४३० | ८४८ | ९२० | १७६८ |
| ८ | १६.९३ | ४७१ | ९१८ | १०८२ | २००० |
| ९ | १२.०६ | ४४६ | ८६३ | १०२० | १८८३ |
| जम्मा | २११.२५ | ३८५४ | ७१४१ | ८३७४ | १५५१५ |

*श्रोतः नगरपालिका प्रोफाईल, २०७७*

**२.३ आम्दानीको आधारः** औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य श्रोतहरुमा साना व्यापार व्यवसाय, साना उद्योग, सेवामूलक व्यवसाय, नोकरी हुन्। यसको साथैविकल्पमा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा क्रमश आधुनिक कृषि प्रणाली र जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ ।

जिरी नगरपालिका एक पर्यटकीय नगरी हो । चेर्दोङ्ग डाँडा, हनुमन्ते डाँडा, बुलबुल डाँडा, लौती झर्ना, हलेसी महादेवको मन्दिर, याक ग्यालरी, याक चिज उत्पादन केन्द्र,जिरेल बस्ती, सिक्रि गाउँको संस्कृति, व्यवसायिक पशुपालन फार्म आदी पर्यटकीय आर्कषणका केन्द्रहरु हुन्। जिरी नगरपालिकाले यहाँको पर्यटकीय महत्वको पहिचान गर्दै **"Green Tourism City"** को रुपमा विकास गर्ने लक्ष्य लिएको छ । जिरी नगरपालिकामा रहेका विभिन्न प्राकृतिक, धार्मिक र साँस्कृतिक महत्व बोकेका पर्यटकीय स्थलहरुको साथै नगरमा प्राविधिक शिक्षालय, व्यवसायीक कृषि तथा पशु फार्म रहेका छन्जुन आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने माध्यमहरु हुन्। जसलाई व्यवस्थित पर्यटकीय स्थलको रुपमा विकास गरी आर्थिकरुपले सबल बन्न सकिन्छ ।

तालिका २ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| कुल जनसंख्या | आर्थिक रुपले सकृय पुरुष | आर्थिक रुपले सकृय महिला | आर्थिक रुपले सकृय कुल जनसंख्या |
|---|---|---|---|
| १५,५१५ | ३,८१० | ४,८९६ | ८,७०६ |
| प्रतिशत | ४३.७६ | ५६.२४ | ५६.११ |

*श्रोतः नगरपालिका प्रोफाईल, २०७७*

नगरपालिकामा १५ वर्ष देखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ । जसमा पुरुषको संख्या ३,८१० (४३.७६ प्रतिशत), महिलाको संख्या ४,८९६ (५६.२४ प्रतिशत) देखिन्छ । आर्थिक रुपले सक्रिय जनसंख्यामा लैगिंक भिन्नता १२.४७ प्रतिशत छ भने नगरपालिकाको कुल जनसंख्याको ८,७०६ अर्थात्५६.११ प्रतिशत जनसंख्या आर्थिकरुपले सक्रिय छन्। आर्थिक रुपमा निस्कृय जनसंख्या ४३.८९प्रतिशत छन्। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।

**२.४ नगरपालिकाको स्थापनाः** नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकको जिरी नगरपालिका र श्यामा गा.वि.स. गाभेर जम्मा ९ वडाहरु कायम गरी जिरी नगरपालिका घोषणा गरिएको हो। जसको वडागत संरचना तालिकामा उल्लेख गरिएको छ । जसको संरचना देहाय बमोजिम रहेको छ।

**तालिका ३: पहिलो पटक नगरपालिका घोषणा हुँदाको नगरपालिकाको वडा संरचना**

| वडा नं. | साबिकका गा. बि. स. | साबिकका वडा |
|---|---|---|
| १. | श्यामा | १-६ |
| २. | श्यामा | ७-९ |
| | जिरि | १ |
| ३. | जिरि | २,३ |
| ४. | जिरि | ४ |
| ५. | जिरि | ५ |
| ६. | जिरि | ६ |
| ७. | जिरि | ७ |
| ८. | जिरि | ८,९ |
| ९. | जिरि | १०,११ |

*स्रोतः जिरी नगर कार्यपालिकाको कार्यालय,२०७४*

**२.५ नगरपालिकामा हाल कार्यरत कर्मचारीहरुको विवरणः** जिरी नगरपालिकामा विभिन्न समयमा विभिन्न कर्मचारीहरु सरुवा बढुवा हुदै आउनु भएको छ जसलाई हामी निम्न तालिका द्वारा देखाएका छौं।

**तालिका ४ नगरपालिकामा कार्यरत कर्मचारीहरुको विवरण**

| क्र. स. | नाम थर | पद/सेवाप्रकार | जिम्मेवारी |
|---|---|---|---|
| १. | जगदिश चन्द्र शिवाकोटी | उप-सचिव/प्रशासन प्रमुख | प्रशासकीय अधिकृत |
| २. | श्याम बहादुर खनाल | अधिकृत (छैठौ) | प्रशासन |
| ३. | तेज कुमार धमाला | ना. सु. (पाँचौ) | प्रशासन |
| ४. | मान बहादुर जिरेल | ना. सु. (पाँचौ) | प्रशासन |
| ५. | महेश्वर प्रसाद अधिकारी | लेखा अधिकृत (छैठौ) | आ. प्र. शाखा |
| ६. | कृष्ण प्रसाद अधिकारी | लेखापाल (पाँचौ) | आ. प्र. शाखा |
| ७. | शान्ति बहादुर कार्की | आ. ले. प. (पाँचौ) | आ. प्र. शाखा |
| ८. | ध्रुब ज्ञवाली | अधिकृतस्तर (छैठौ) | ईन्जिनियर सिभिल |
| ९. | खगेन्द्र जिरेल | ईन्जिनियर करार | ईन्जिनियर |
| १०. | गणेश पाण्डे | सिभिल (पाँचौ) | ईन्जिनियर |
| ११. | सुमित्रा जिरेल | सिभिल (चौथो) | ईन्जिनियर(प्राविधिक) |
| १२. | पुजा सुबेदी | सिभिल (चौथो) | ईन्जिनियर |
| १३. | बिष्णु कुमार कटुवाल | सिभिल (चौथो) | ईन्जिनियर |
| १४. | कमल चौलागाई | सिभिल (चौथो) | ईन्जिनियर |

| | | | |
|---|---|---|---|
| १५. | दिप्ती बिष्ट | अमिन (चौथो) | अमिन |
| १६. | लक्ष्मी प्रसाद रिजाल | अधिकृतस्तर (छैठौ) | शिक्षा शाखा |
| १७. | कुमार जिरेल | शिक्षक | शिक्षा शाखा |
| १८. | पाषाङ शेर्पा | खेलकुद प्रशिक्षक | शिक्षा शाखा |
| १९. | लक्ष्मी भुजेल | नगर वालमैत्री सहजकर्ता | शिक्षा शाखा |
| २०. | आशादेवि सुनुवार | स.म.वि.नि | दर्ता चलनी सम्बन्धी जिम्मेवारी |
| २१. | केशब दाहाल | जन स्वास्थ्य अधिकृत(सातौ) | स्वास्थ्य शाखा |
| २२. | गौतम कुमार शाह | सि. अ. हे. व. (छैठौ) | स्वास्थ्य शाखा |
| २३. | पृथ बहादुर जिरेल | अ. हे. व. (पाँचौ) | स्वास्थ्य शाखा |
| २४. | विमल कुमर दाहाल | सहायक स्तर (चौथो) | पञ्जिकरण शाखा |
| २५. | शिलु खत्री | एम आई एस अपरेटर | पञ्जिकरण शाखा |
| २६. | सबिना गजमेर | फिल्ड सहायक एम आई एस | पञ्जिकरण शाखा |
| २७. | बिमला जिरेल | फिल्ड सहायक एम आई एस | पञ्जिकरण शाखा |
| २८. | पदम बहादुर जिरेल | पशु चिकित्सक (आठौँ) | पशु विकाश शाखा |
| २९. | चन्द्र बहादुर जिरेल | पशु स्वा. प्रा. (छैठौ) | पशु विकाश शाखा |
| ३०. | विरेश बहादुर जिरेल | पशु स्वा. प्रा. (छैठौ) | पशु विकाश शाखा |
| ३१. | कृष्ण बहादुर खड्का | पशु सेवा. प्रा. (छैठौ) | पशु विकाश शाखा |
| ३२. | गम्भिर खड्का | ना. प्रा. स. (करार) | कृषि बिकाश शाखा |
| ३३. | याम माया जिरेल | ना. प्रा. स. (करार) | कृषि बिकाश शाखा |
| ३४. | सुजना उप्रेती | रोजगार संयोजक | प्र.म. रोजगार शाखा |
| ३५. | दिपक जिरेल | प्राविधिक सहायक | प्र.म. रोजगार शाखा |
| ३६. | आशिष भण्डारी | सु. प्र. अ. (करार) | सुचना प्रबिधी शाखा |
| ३७. | प्रवेश पाण्डे | स. क. अ. (करार) | सुचना प्रबिधी शाखा |
| ३८. | अनिता जिरेल | कानुनि सहजकर्ता | न्यायिक समिति शाखा |
| ३९. | ईन्जात अन्सारी | फोकल पर्सन | ईन्जिनियर |

*स्रोतः जिरी नगरपालिकाको कार्यालय, २०७८*

# परिच्छेद – तीन: राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा उपलब्ध कानुनी व्यवस्था अनुसार नगरपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शीर्षकगत रुपमा विस्तृतमा विश्लेषण गरिएको छ । यसबाट नगरपालिकाको आन्तरिक आय परिचालनको विद्‍यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण पश्चात पहिचान गरिएको मुद्‍दाहरूलाई राजस्व सुधार कार्ययोजनाले सम्बोधन गर्ने विश्वास लिइएको छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ:

- सम्पत्ति कर
- भूमीकर (मालपोत)
- घर बहाल कर
- सवारी साधन कर
- व्यवसाय कर
- मनोरञ्जन कर
- सेवा शुल्क दस्तुर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- पर्यटन शुल्क
- विज्ञापन कर
- दण्ड जरिवाना

संघीय कानुन ***(स्थानीय सरकार संचालन ऐन, २०७४)*** अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ:

**(क) नगरपालिकाको एकल अधिकारः**

**कर**

- **<u>सम्पत्ति करः</u>** आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने । "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप

जग्गासम्म पर्ने । *(आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ बाट संशोधित व्यवस्था)*

- **भूमि कर (मालपोत) :** आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने । *(आर्थिक विधयक २०७५ बाट संशोधित व्यवस्था)*
- **घर जग्गा बहाल करः** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा ।
- **व्यवसाय करः** पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- **सवारी करः** टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- **जडिबुटी, कवाडी र जीवजन्तु करः** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत ।

**शुल्क**

- **बहाल बिटौरी शुल्कः** आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- **पार्किङ्शुल्कः** आफ्नो क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा ।
- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा *(खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायमशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि)*
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

**दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुरः
- एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग।
- ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन्तथा उपयोग

- नक्सा पास दस्तुर
- पञ्जीकरण व्यवस्थापन दस्तुर
- वडा मार्फत्गरिने सिफारिश तथा प्रमाणित दस्तुर

**बिक्री गर्न सक्ने (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संशोधित व्यवस्था)**

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम नगरपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**सामुदायिक वनबाट आय प्राप्त गर्ने**

सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।

- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)):**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खन रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन्रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र बजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण

- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहकोपत्रपत्रिकाको दर्ता

संघीय कानुन ***(अन्तर सरकारी वित व्यवस्थापन ऐन, २०७४)*** ले स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छः

**(क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था** *(आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)*

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा गाउँपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिका ले उठाउने

(ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने

(घ) विज्ञापन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने
- आयोगले निर्धारण गरेको निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने
- प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

**(ख) राजस्व बाँडफाँड**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
  - आयोगले निर्धारण गरेकोआधार र ढाँचा बमोजिम बाँडफाँड हुने
  - स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुन
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - *प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने*

**(ग) अनुदान**

- **वित्तीय समानीकरण अनुदानः** खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त हुने
- **सशर्त अनुदानः** कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- **समपूरक अनुदानः** पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- **विशेष अनुदानः** कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट

**(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन्।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)
- कर नलाग्ने: कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफ्नै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ।

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

नगरपालिकालाई प्राप्त कानुनी अधिकारको आधारमा सम्भाव्य आय शिर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले नगरपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउँछ ।

## तालिका ५ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

| क्र. स. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| **क. करतर्फ** | | | | |
| १ | सम्पत्ति कर | छ | छ | छ |
| २ | भूमि कर (मालपोत) | छ | छ | छ |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | छ | छैन |
| ४ | घर जग्गा बहाल कर | छ | छ | छ |
| ५ | व्यवसाय कर | छ | छ | छ |
| ६ | जडीबुटी, कवाडी र जीवजन्तु कर | छ | छ | छ |
| ७ | विज्ञापन कर | छ | छ | छैन |
| ८ | मनोरञ्जन कर | छ | छ | छैन |
| **ख. गैर कर तर्फ** | | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको विक्री | छ | छ | छ |
| २ | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | छ | छ | छ |
| ३ | नक्सापास दस्तुर | छ | छ | छ |
| ४ | व्यक्तिगत घटना दर्ता शुल्क | छ | छ | छ |
| ५ | बहाल विटौरी शुल्क | छ | छ | छ |
| ६ | पार्किङ्ग शुल्क | छ | छ | छैन |
| ७ | सरकारी सम्पत्तिको बहालबाट आय | छ | छ | छ |
| ८ | अस्पताल संचालन | छ | छ | छैन |
| ९ | फोहरमैला व्यवस्थापन शुल्क | छ | छ | छैन |
| १० | स्थानीय खानेपानी महसुल | छ | छ | छैन |
| ११ | रेडियो एफ. एम. सञ्चालन दस्तुर | छ | छ | छ |
| १२ | स्थानीय विद्युत्महसुल | छ | छ | छैन |
| १३ | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिप फ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छ | छ | छैन |
| १४ | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) | छ | छ | छैन |
| १५ | मूल्यांकन सेवा शुल्क | छ | छ | छ |
| १६ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ | | | |

| | | | | |
|---|---|---|---|---|
| | वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म) | | | |
| १७ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | छ | छ | छ |
| १८ | वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | छ | छ |
| १९ | दण्ड जरिवाना | छ | छ | छ |

## ३.३ आन्तरिक स्रोततर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

### ३.३.१ कर राजस्व

### क. सम्पत्ति कर

**हालको अवस्थाः**

यस नगरपालिकाले हाल सम्म वर्तमान कानुनी प्रावधान अनुरुपको सम्पत्ति कर लागु गरेको छ । विगतको आ.व. २०७५ देखि सम्पत्ति कर (तत्कालिन एकीकृत सम्पत्तिकर) लागु गर्ने उद्देश्य अनुरुप सम्पत्तिकर सम्बन्धित तालिम कार्यक्रम संचालन गर्नुका साथै आवश्यक सफ्टवेयर जडान गरिएको छ। सोही आ.व.देखि लागु हुने गरि एकीकृत सम्पत्तिकरको प्रावधानमा परिमार्जन गरिए संगै केही अन्यौलताका कारण असहजताका विच यो कर लागु भएको छ।

नगरपालिकाको आ.व.२०७७ को आर्थिक ऐनको अनुचुचि १, दफा (२) मा सम्पत्ति करलाई उल्लेख गरिएको छ। सम्पत्ति करलाई घर करको शिर्षकमा संकलन गरिएको छ। यसको साथै नागरिक वडापत्रमा एकिकृत सम्पत्ति कर सम्बन्धी उल्लेख गरिएको छ। आर्थिक ऐनको अनसुचीमा मालपोतलाई मालपोत दस्तुर भनेर खेत पाखोलाई अब्बल, दोयम, सिम चाहरमा वर्गीकरण गरी दर निर्धारण गरिएको छ। गत आ.व. २०७७/७८ मा यस शिर्षकमा रु. ३,८५,०११.८५।- संकलन भएको छ भने आ.व. २०७८/७९ मा २३,५५,१६१.९ उठने अनुमान गरिएको छ।

**संभाव्यताः**

नगरपालिकाको वस्तुस्थिति विवरण अनुसार यहाँ कुल ३८५४ घरधुरी रहेका छन्। विद्यमान कानूनी व्यवस्था अनुसार घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेको हुँदा कुल ३८५४ घरधुरीलाई नै कुल सम्पत्ति करदाता संख्या कायम गरिएको छ । तसर्थ नगरपालिका प्रोफाइलमा उल्लेख भए वमोजिम कुल घरधुरीका स्वामित्वमा भएका घरहरुलाई

मुल्याङ्कन रकमका आधारमा ३९ समूहमा विभाजन गरी यी ३९ किसिमका घरधुरीलाई छट्टाछुट्टै दरमा कर निर्धारण गर्नु उपयुक्त हुने प्रस्ताव गरिएको छ। यसअनुसार न्युनतम रु. ५०।- देखि अधिकतम रू. ३५,०००।- कायम गरिएको छ। जसवाट आगामि आ.ब. देखि उल्लेख्यमात्रामा राजस्व संकलन हुने देखिछ।

**सुधारका पक्षहरूः**

सम्पत्ति कर कार्यान्वयनका लागि नगरपालिकाले गर्नुपर्ने विषयहरू निम्नअनुसार रहेको देखिन्छः

- चालु आ.व.को आर्थिक ऐनमा दफा अनुसार अनुसूची नभएकाले आगामी आ.व.मा त्यसलाई सच्याएर दफा अनुसारका अनुसूची मिलान गरी बनाउने।
- घर करको रुपमा लिइएको सम्पत्ति करलाई सम्पत्ति कर नै उल्लेख गरी प्रगतिशिल करको दर निर्धारण गरि समावेश गर्ने ।
- सम्पत्ति कर सम्बन्धी पदाधिकारी तथा कर्मचारीहरूका लागि तालिम संचालन गर्ने ।
- सम्पत्ति कर सम्बन्धी आम जनताहरूलाई सञ्चारका विभिन्न माध्यमबाट सूचित गर्ने ।
- सम्पत्ति कर सम्बन्धी सफ्टवेयर सबै वडाहरूका कम्प्युटरमा राखेर नगरपालिका कार्यालय तथा सबै वडारूबाट संकलन गर्ने।
- सम्पत्ति करलाई घर करको शिर्षकमा नराखि सम्पत्ति करको शिर्षकमा राख्नुपर्ने ।

## ख मालपोत वा भूमि कर

**हालको अवस्थाः**

नगरपालिकाको आ.व.२०७७ को आर्थिक ऐनको अनुसुची २, दफा (३) बमोजिम भुमि कर/घर जग्गा कर लगाइने र असुल उपर गरिनेछ भनी उल्लेख गरिएको छ । सम्पत्ति करलाई घर कर भनी लेखिएको छ भने मालपोत करलाई मालपोत दस्तुर शिर्षक दिएर बारी र खेतलाई परम्परागत विधि अनुसार अब्बल, दोयम, सीम र चाहार गरी चार/चार समूहमा वर्गीकरण जग्गाको क्षेत्रफलको आधारमा कर संकलन गर्ने व्यवस्था गरिएको छ । आ.व.२०७७/७८ मा यस शीर्षकमा कुल रु १८,३५,५३७.३५।- संकलन भएको छ।

**संभाव्यताः**

नगरपालिकाको पाश्र्वचित्र २०७५ अनुसार कुल घरधुरी ३८५४ मध्ये औसत २३.४७ वर्ग कि. मि. का दरले जग्गाको स्वामित्व रहेको देखिन्छ। त्यसैगरि नगरपालिका भन्दा अन्यत्र बसाई भएका व्यक्तिहरुको

स्वामित्वमा समेत जग्गा हुन सक्ने अनुमानका आधारमा त्यसतर्फ पनि नगरपालिकाले ध्यान दिन थालेको छ। यसवाट पनि आगामि आ.ब. मा नगरपालिकाले थप २५,८४,७६९.४।- राजस्व प्राप्त गर्नेछ।

**सुधारका पक्षहरूः**

यस सम्बन्धमा सुधारका पक्षहरू देहायअनुसार छन्ः

- मालपोत कार्यालयसँग समन्वय गरी नगरपालिकामा जग्गा धनी र जग्गाको तथ्याङ्क अभिलेखीकरण गर्ने ।
- मुख्य बजार क्षेत्र तथा सडक पहुँच भएका बढी मूल्य जाने क्षेत्रमा करको दर बढी र बस्ती तथा सडकको पहुँच नभएका क्षेत्रमा करको दर कम निर्धारण गर्ने ।
- मालपोतको दर निर्धारण गर्दा प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने ।

## ग. घरजग्गा वहाल कर

**हालको अवस्थाः**

नगरपालिकाको चालू आर्थिक ऐनको दफा ५ तथा अनुसुची ४ मा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहाल दिएकोमा ब्यबसायको पुजि अनुसार घरबहाल कर लगाई असुल उपर गरिनेछ भन्ने उल्लेख गरेको छ । नगरपालिकाको पाश्र्वचित्र अनुसार यस नगरपालिकामा २४९ घरपरिवार भाडामा बस्दै आएका छन । यस वर्ष २०७७/७८ मा यस शिर्षक अन्तर्गत रु १४,५६६ मात्र संकलन भएको छ। तर बिगत आ.ब. २०७५/७६ र २०७६/७७ मा क्रमशः ६,२०,८०१.०३।- र ९९,३८१.७।- उठेको थियो।

**संभाव्यताः**

यस नगरपालिका क्षेत्रमा न्यून घर तथा जग्गा मात्र बहालमा रहेका छन्। नगरपालिकाको प्रोफाइल अनुसार २४९ घरपरिवार भाडाको घरमा बसेका छन् । यसप्रकार नगरपालिकामा उल्लेखित २४९ परिबारले भाडा बापत करिब रु. १६०६.४२ औसतका दरले कर लगाउने हो भने यसवाट रु. ४,००,०००।- आम्दानी हुन सक्ने देखिन्छ। तर आर्थिक प्रक्षेपणमा यसवाट रु. ३,६१,३१८.८।- उठने देखिन्छ।

**तालिका ६ घरजग्गा करको संभाब्यता विबरण**

| क्र. सं. | प्रयोजनका आधारमा बहालमा बस्ने | बहालमा बस्ने संख्या | मासिक भाडा रकम |
|---|---|---|---|
| १ | घरायसी प्रयोजनमा बस्नेहरू | २४९ | १६०६.४२ |
| २ | अन्य संघ संस्थाहरू | १२९ | ५,०००।- |
| जम्मा, ३७८ | | | |

**सुधारका पक्षहरूः**

- घर जग्गा बहालमा लगाउने वस्ने ब्यक्तिको विवरण अद्यावधिक गर्ने र सोही अनुसार कर असुलीका लागि सूचित गर्ने ।

## घ. व्यवसाय कर

**हालको अवस्थाः**

नगरपालिकाले आर्थिक ऐनको दफा ५ मा व्यापार, व्यवसाय र सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाउने व्यवस्था गरेको छ । अनुसुची ३ मा विभिन्न व्यवसायमा लाग्ने व्यवसाय कर सम्बन्धी व्यवस्था गरेको छ । नगरपालिकाले ब्यबसाय करलाई आर्थिक ऐनको अनुसुची ३ मा बिभिन्न शिर्षकहरु राखेको छ। यस वाट आ.ब. २०७७/७८ मा १,९९,२९४।-रकम संकलन भएको देखिन्छ। आ.व. ०७८/७९ मा यसवाट रु.२,५६,९२५.३।- संकलन हुने देखिन्छ।

**संभावनाः**

यस नगरपालिकाको पाश्र्वचित्र २०७५ तथा वार्षिक योजना २०७६ मा गाउँपालिका क्षेत्रमा भएका व्यवसायहरु सम्बन्धमा विवरण उल्लेख गरिएको छ । आलुको उत्पादन प्रसस्त संभावना भएको यो नगरपालिकामा किवि खेति को पनि संभावना देखिन्छ र यसमा जम्मा ४३ परिवारले ब्यबसायिक किवि खेति गरि राखेका छन। र अन्य बिभिन्न ब्यबसायहरु पनि दर्ता हुने क्रम बढेको छ।

नगरपालिकामा ठुला व्यपारिक केन्द्रहरु विकसित हुन सकेका छैनन्। नगरपालिकामा ठुला उद्योगहरु नभएतापनि जिरी नगरपालिका साना घरेलु उद्योगहरु विकास राम्रो भएको देखिन्छ । नगरपालिकामा कृषिमा आधारित घरेलु उत्पादन पनि विस्तारै व्यवसायिक उत्पादन हुन थालेको छ। जिरी नगरपालिकाका

अधिकांश बासिन्दाहरु कृषि पेशामा आवद्ध भएका छन्। विशेषगरी ग्रामीण क्षेत्रका मानिसहरु उल्लेखनीय रुपमा औद्योगिक विकासतर्फ लागी सकेका छैनन् । तथापी, स्थानीय माग कार्यमा केही मझौला, साना तथा घरेलु उद्योग भने संचालित छन्। कृषि फर्म, चौंरी फार्म, कुखुरा फार्म, पशु फार्म आदि यस नगरपालिकामा रहेका केही कृषिमा आधारित औद्योगिक व्यवसायका उदाहरणहरु हुन्। त्यसैगरी साप्ताहिक रुपमा लाग्ने जिरी नगरपालिकाका विभिन्न हाट बजारमा स्थानीय उत्पादन तथा चौपायाको किनबेच हुने गर्दछ । यसले पनि नगरपालिकामा आर्थिक कारोबारको मात्रामा वृद्धि गराएको छ ।

केन्द्रीय तथ्यांक विभागले प्रकाशन गरेको राष्ट्रिय आर्थिक गणना २०१८ नगरपालिकामा दर्ता भएका व्यवसायहरुको विवरणका आधारमा व्यवसायको संख्या ५१७ अनुमान गरिएको छ । यस नगरपालिकामा विभिन्न किसिमका व्यवसायहरु संचालनमा रहेको अनुमान छ।

**सुधारका पक्षहरूः**

नगरपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छः

- नगरपालिकामा संचालित व्यवसायहरूको करको दर वस्तुपरक बनाई आर्थिक ऐनमा उल्लेख गर्ने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- व्यवसाय कर प्रशासनमा पुरस्कार र दण्ड दुवैको व्यवस्था गर्ने।

## ङ. विज्ञापन कर

**हालको अवस्थाः**

यस नगरपालिकाको आर्थिक ऐनमा विज्ञापन कर सम्बन्धी व्यवस्था संगै करको दर समेत उल्लेख गरिएको छ । विद्यमान कानुनी व्यवस्था अनुसार नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार—प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल आदिमा विज्ञापन कर लगाउन सक्नेछ । संघीय कानुन अनुसार यो प्रदेश सरकारसंग बाँडफाँड हुने कर हो । विज्ञापन करको दर निर्धारण तथा संकलन नगरपालिकाले गरी संकलित रकममध्ये ४० प्रतिशत प्रदेश सरकारलाई दिनु पर्दछ । पर्यटकीय सम्भावना रहेका स्थानहरूमा होर्डिङ्ग बोर्ड राखेर विज्ञापन कर संकलन गर्न सक्ने संभावना रहेता पनि विज्ञापन सामग्री उपलब्ध नभएकाले आगामी वर्षका लागि कुनै अनुमान गरिएको छैन ।

**संभावनाः**

नगरपालिका क्षेत्र बजारिकरण तर्फ उन्मुख हुदै गएकाले विज्ञापन वाट प्रसस्त मात्रामा आम्दानि हुने देखिन्छ। यस संबन्धि आवश्यक तथ्यांक नभएकाले आगमी आ.व.मा न्युनतम रकम संकलन हुन सक्ने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरूः**

- विज्ञापनका सामग्री तथा प्रयोग हुन सक्ने स्थानहरूको यथार्थ तथ्याङ्क संकलन गर्ने ।
- संकलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- न्यूनतम संकलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने ।

## ३.३.२ गैर कर राजस्व

### क) बिक्रीबाट प्राप्त रकम (ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री)

**हालको अवस्था:**

केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ६२ क थप गरी नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको यस संशोधनसँगै संघीय कानूनमा स्रोत बाँडफाँडको अर्को स्पष्ट कानुनी व्यवस्था नभएसम्म यस शीर्षकको राजस्व नगरपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ। साविकमा प्रारम्भिक वातावरणीय परीक्षणको मात्र व्यवस्था भएकोमा यस संशोधनसँगै वातावरणीय प्रभाव मूल्यांकनको समेत व्यवस्था भएको छ र आवश्यकता अनुसार यी दुई अध्ययनको सिफारिशका आधारमा स्थानीय तहले ढुंगा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ। नगरपालिकाको आर्थीक ऐन २०७७ मा यस संबन्धि ब्यबस्था अनुसुचि ८ दफा १० मा ब्यबस्था गरेको छ।

गत आर्थिक ऐनमा प्रदेश कानुन अनुशार दहत्तर, बहत्तर आदिको संकलन तथा बिक्री गरी बिक्री शुल्क लगाइने र असूल उपर गर्ने व्यवस्था गरिएको छ । नगरपालिकाले विभिन्न सम्भाव्य स्थानहरुको प्रारम्भिक वातावरणिय परिक्षण (IEE) गरि उत्खनन गर्न सकिने परिमाणहरुबाट जम्मा रु. ६८,७००।- मात्र रकम संकलन गरेको छ। यस नगरपालिकामा यो शिर्षकवाट धेरै आम्दानिको अपेक्षा गरिएको छैन। तर

पनि अनुसुचि ८ मा प्रति घन फिट रु. २.५।- औषतका दरले आगामि आर्थिक वर्षमा रु. ३,८३,३९६.७।- हुने अनुमान गरिएको छ।

**सम्भावना:**

नरपालिकाले सम्भाव्य क्षेत्रको प्रारम्भिक वातावरणिय परिक्षण गरि उत्खनन गर्न सकिने परिमाण र उल्लेखित स्थानहरुबाट न्युनतम रकमको मात्र अपेक्षा गरेको छ।

**सुधारका पक्षहरू:**

- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर उत्खनन्तथा बिक्री कार्यका लागि गराउन ठेक्का आव्हन गर्ने ।
- संकलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन्हुने कार्य सुनिश्चित गर्ने ।
- ठेक्का नलाग्ने अवस्था भएमा नगरपालिका स्वयंले अमानतबाट संकलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक प्रावधान सहित निर्णय गर्ने । प्रारम्भिक वातावरणीय परीक्षण गरी ठेक्का नलागुञ्जेलका लागि नगरपालिका स्वयम्ले अमानत मार्फत्रकम संकलन गर्ने ।
- नगरपालिकाले आर्थिक ऐनमा नियम विपरित गर्ने ठेकदारलाई कारबाही गर्ने र ठूलो परिमाणमा दण्ड जरिवाना गर्न सकिने प्रावधान समावेश गर्ने ।

## ख) बहाल बिटौरी शुल्क

**हालको अवस्थाः**

नगरपालिकाले आफूले रेखदेख वा सञ्चालन गरेको हाटवजार र सरकारी जग्गामा वनेका संरचनाको उपयोग गरेवापत बहाल विटौरी शुल्क लगाउन पाउने कानुनी व्यवस्था छ । यस नगरपालिका क्षेत्रमा बहाल बिटौरी शुल्क उठाउने गरिएको छैन । यस सम्बन्धी व्यवस्था आर्थिक ऐनको दफा ८ को अनुसूची (६) मा भए बमोजिम असुल उपर गरिनेछ भनी स्पष्ट रुपमा उल्लेख गरिएको छ। आ. ब. २०७७/७८ मा यस शिर्षक वाट रु. १,६६,४०१.२० रकम संकलन भएको छ। अनुमान गरिएको रकम भन्दा यस शिर्षकवाट धैरै रकम संकलन भएको छ।

**संभावनाः**

नगरपालिकाले आवश्यक पहल गरेको खण्डमा यस शिर्षक अन्तर्गत आगामि तिन बर्ष भित्रमा करिब रु. २,२०,६४५.८।- संकलन हुने अनुमान गरिएको छ ।

## ग) नक्सा पास दस्तुर

**हालको अवस्थाः**

आर्थिक ऐन २०७७ को दफा ११ मा स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूची ९ मा तोकएको दर अनुसार नक्सा पास दस्तुर संकलन गर्ने व्यवस्था गरेको छ। यस नगरपालिकाले नक्सा पास निर्देशिका कार्यान्वयनमा ल्याएको छ । जसले गर्दा नक्सा पास गर्नुपर्छ भन्ने भावना बसेको र आ.व २०७७/७८ मा यस शिर्षकमा रु ६,०९,४७३.३२।- राजश्व संकलन भएको छ।

**सम्भावनाः**

नयाँ निर्माण हुने सबै घरहरूको विद्‌यमान कानुनी व्यवस्थाअनुसार नक्सापास र पहिल्यै निर्माण भइसकेका घरहरूको हकमा आर्थिक ऐनमा व्यवस्था गरी अभिलेखीकरण गर्नु आवश्यक हुन जान्छ । नगरपालिका संगको छलफलका क्रममा प्राप्त तथ्यांक अनुशार आगामी आ.व.मा जम्मा ७० वटा नयाँ घरहरुले नक्सापास इजाजत लिने र करिब १२५० वटा पुराना घरहरु अभिलेखिकरणमा आउने अनुमान गरिएको छ। जस अनुसार आगामि आर्थिक वर्षमा थप रु. ६,७५,९६७.८।- रकम संकलन हुने अनुमान रहेको छ।

**सुधारका पक्षहरूः**

घर अभिलेखीकरण तथा नक्सापास प्रक्रियाले भवन निर्माण प्रक्रियालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।

- घर अभिलेखीकरणका लागि मालपोत संकलन कार्यसँग आवद्ध गरी वार्षिक रुपमा अभियान सञ्चालन गर्ने।
- मापदण्ड तथा कार्यविधिहरू अनुसार नक्सापास प्रावधान लागु गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरि समयानुकुल परिमार्जन गर्दै जाने।

## घ) सीफारिस दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

**हालको अवस्थाः**

आर्थिक ऐन २०७७ मा यस शिर्षकमा कुनै पनि दफा वा अनुसुचिको ब्यबस्था नगरेको भएतापनि आर्थिक ऐन २०७७ मा ऐनको दफा ९ को उपदफा ४ खण्ड ४ मा यस संबन्धि ब्यबस्था गरेको छ। यस अन्तर्गत जम्मा ४४ वटा शिर्षकको ब्यबस्था गरिएको छ। नगरपालिकाले आ.ब. २०७७/७८ मा रु. ७,५८,६४४।- रकम संकलन गरेको छ।

**सम्भावना:**

नगरपालिका क्षेत्रमा संचालनमा रहेका स्थानीय स्तरका व्यापारिक फर्म, घ वर्गकोनिर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत दिन सकिने कानुनी व्यवस्था छ। नगरपालिकामा यस्ता व्यवासायिक फर्महरू बृद्धि हुदै जान थालेकाले यसवाट आगामि तिन वर्षमा रु. ११,०७,३३५.२।- रकम उठने अनुमान गरिएको छ।

**सुधारका पक्षहरूः**

- दर्ता तथा अनुमतीका लागी छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- आर्थिक ऐनमा दर्ता तथा अनुमति दस्तुरको दर निर्धारण गर्ने ।
- नयाँ व्यवसाय वा कारोवार सञ्चालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- अनुमति नलिई संचालनमा रहेका व्यवसायलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।

## ङ) सेवा शुल्क दस्तुरः

**हालको अवस्थाः**

नगरपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मा दफा ९ मार्फत् निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडाबाट संकलन गरिआएको छ। आर्थिक ऐनले सेवा शुल्क शीर्षकमा विभिन्न शीर्षकमा विभिन्न किसिमका शुल्क तथा दस्तुरको दर निर्धारण गरेको छ। जसमा आय स्रोत मुल्याङ्कन सिफारिस शुल्क, संपत्ति मुल्याङ्कन सिफारिस शुल्क, ब्यक्तिगत घटना दर्ता दस्तुर, सिफारिस दस्तुर, घरवाटो प्रमाणित दस्तुरहरु समावेस गरिएको छ। त्यसैले यस अन्तर्गत २०७७/७८ मा प्रसासनिक सेवा शुल्क वाट रु. ५१,८००।-, सिफारिस शुल्कवाट रु. ७,५८,६४४।-, नाता प्रमाणित दस्तुर वाट

रु. १,१५,३००।-,एफ एम संचालन दस्तुर वाट रु. १०,०००।- र अन्य दस्तुर वाट रु. १,९९,२९४।- रकम संकलन भएको छ।

**सम्भावनाः**

राजस्व सुधार कार्ययोजना निर्माणका दौरान गरिएको छलफल अनुशार नगरपालिकाका ९ वटा वडाहरुले औसत ६०० का दरले वार्षिक ४२०० वटा शुल्क लाग्ने सिफारिश गर्ने अनुमान गरिएको छ। त्यस्ता सिफारिशहरुबाट औसत रु. २५० का दरले जम्मा रु. १० लाख ५० हजार संकलन हुने देखिन्छ। त्यसैगरि नगरपालिकाले करिब २५० वटा विभिन्न सिफारीशहरु गर्ने अनुमान गरियो जसबाट रु. जम्मा २ लाख ५० हजार संकलन हुने देखिन्छ।

**सुधारका पक्षहरूः**

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर निर्धारण गर्ने ।
- सिफारिस तथा दस्तुरहरूको छुट्टाछुट्टै रेकर्ड राख्ने ।
- सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडाबाट संकलित दस्तुरहरू शीर्षकसहितको विवरण तयार गर्ने ।

## च) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय:

**हालको अवस्थाः**

हाल यस शीर्षकमा नगरपालिकाले भारी उपकरण सञ्चालन सम्बन्धी कार्यविधि बनाई यस शिर्षकवाट रकम संकलन गर्नु पर्ने देखिन्छ । विद्यमान भौतिक स्रोतहरूको प्रयोगको दर रेट आर्थिक ऐनमा तोकिएको पनि छैन । आ.व.२०७७/७८ मा यस शीर्षकमा उठेको रकम अलगै नराखिंदा कति रकम उठेको थियो भन्ने एकिन गर्नुपर्छ । यस नगरपालिकाको स्वामित्वमा रहेका निम्न भौतिक सम्पत्तिहरू बहालमा परिचालन गर्न सकिनेदेखिन्छ:

- जेसीबी
- प्रोजेक्टर
- सभा हल
- हाट बजार

- जिरि बस पार्क
- बस पार्क घुम्ति टहरा समुह क, ख, ग
- नगरपालिकाले आफै निर्माण गरेको ब्यापारिक भवन
- अन्य सरकारी संपत्ति

**सम्भावनाः**

नगरपालिकाको स्वामित्वमा भएका सम्पत्तिहरूका बहाल परिचालन सम्बन्धमा आवश्यक तथ्याङ्कको आधारमानभएकाले आगामी आ.व.मा देहायअनुसार आम्दानी गर्न सक्ने अनुमान गरिएको छ:

**सुधारका पक्षहरूः**

- नगरपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने सम्पत्तिहरूको विवरण यकिन गरी सबै सम्पत्तिकोबहाल रकमको दर आर्थिक ऐनमा समावेश गर्ने।
- नगरपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने।
- कार्यविधिमा उल्लिखित शर्तहरू पालना भए नभएको आवधिक रुपमा अनुगमन गर्ने

# परिच्छेद – चारः आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदमा नगरपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई संक्षिप्त व्याख्या गरिएको छ । यसबाट नगरपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी संस्थागत संरचना

नगरपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार नगरपालिका उपप्रमुखको संयोजकत्वमा राजस्व सम्बन्धी विषयमा परामर्शका लागि सात सदस्यीय स्थानीय राजस्व परामर्श समिति गठन गरिएको छ ।

**तालिका ७ राजस्व परामर्श समिति**

| क्र.सं. | समितिका व्यक्तिहरू (पद) | समिति (जिम्मेवारी) |
|---|---|---|
| १ | कृष्णमाया बुढाथोकी | संयोजक |
| २ | जगदिशचन्द्र सिवाकोटी | सदस्य |
| ३ | गेल्बु शेर्पा | सदस्य (उ.वा.संघ) |
| ४ | गोपाल बहादुर कार्की | सदस्य(वार्ड नं. ६, अध्यक्ष्य) |
| ५ | सुन्तलि सुनुवार | सदस्य (कार्यपालिका सदस्य) |
| ६ | शान्ति बहादुर कार्की | सदस्य सचिव |

*श्रोतः नगरपालिकाको प्रतक्ष्य सर्वेक्षण, २०७८*

यस समितिले समय समयमा बैठक गर्ने तथा राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा गर्ने, राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी नगरपालिकामा सिफारिश गर्नेलगायत समितिका काम, कर्तव्य र अधिकार क्षेत्रभित्रका कामहरू गर्दै आएको छ । समितिको बैठक बसी नगरपालिकाले आ.व. २०७४।७५ मा लगाउने विभिन्न कर तथा गैर करहरुको दररेटको सम्बन्धमा शीर्षकगत रुपमा छलफल गरी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निणर्य गरेको थियो ।

नगरपालिकाको राजस्व सम्बन्धी नीति अनुसार चालु आ.व. २०७५।७६ देखि एकीकृत सम्पत्ति कर लगाउने प्रावधान राखिएको भए पनि संघीय आर्थिक ऐन, २०७५ बाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको संशोधनले गाउँपालिका तथा नगरपालिकाले सम्पत्ति कर र भूमिकर (मालपोत) छुट्टा छुट्टै लिनुपर्ने व्यवस्था गरेको छ । यसै व्यवस्थाको आधारमा नगरपालिकाले आर्थिक ऐन, २०७५ मा आवश्यक व्यवस्था गरेको भएता पनि हालसम्मा एकिकृत सम्पत्ति कर नै संकलन गरिरहेको छ ।

## ४.२ विगतको आय परिचालनको अवस्था

नगरपालिकाले विगत तीन आर्थिक वर्षमा संकलन गरेको यथार्थ आय र सोको बृद्धि दर देहाय अनुशार रहेको छः

**तालिका ८ विगत तिन आर्थिक वर्षमा आन्तरिक आय संकलनको अवस्था र औसत बृद्धि दर**

*रु. हजारमा*

| आय शीर्षक | २०७६।०७७ को यथार्थ आय | २०७७।०७८ को यथार्थ आय | २०७८।०७९ को अनुमानित आय |
|---|---|---|---|
| **क. आन्तरिक आय** | **१,१४,९४२** | **५,५४३** | **१,०३,८५६** |
| **ख. राजस्व बाँडफाँड** | **५४,५९८** | **५६,८५७** | **५९,०९६** |
| **ग. वित्तीय हस्तान्तरण तथा अनुदान** | | | |
| **संघीय सरकार** | | | |
| समानीकरण अनुदान | १,०७,४०० | १,०६,४०० | १,०५,४०० |
| सशर्त अनुदान | १,६७,१९३ | १,८५,०२८ | २,०२,८६३ |
| समपुरक अनुदान | ९,००० | १४,७०० | २०,४०० |
| **प्रदेश सरकार** | | | |
| समानिकरण अनुदान | ९,८७२ | ९,९८३ | १०,०९४ |
| सशर्त अनुदान | ११,६३७ | २८,१८४ | ४४,७३१ |
| समपुरक अनुदान | ८,००० | १४,८०८ | २१,६१६ |
| **कुल जम्मा** | **४,८२,६४३** | **४,२१,५०५** | **३,६०,३६७** |
| **आन्तरिक औषत प्रतिशत** | **२३.८१** | **१.३१** | **२८.८१** |

*श्रोतः नगरपालिकाको प्रतक्ष्य सर्वेक्षण, २०७८*

माथिको तालिकाबाट यस नगरपालिकाको आय संरचना हेर्दा माथि उल्लेख गरिएअनुसार आन्तरिक आयको हिस्सा बिस्तारै बृद्धि हुदै गएको देखिन्छ र नगरपालिकाको समग्र आयको प्रमुख स्रोतको रुपमा

संघ तथा प्रदेश सरकारबाट विभिन्न शीर्षकमा प्राप्त हुने अनुदान र कार्यक्रम देखि वाहेक अन्य क्षेत्रहरु पनि छन भन्ने देखाऊछ।

## ४.३ आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता

नगरपालिकाको राजस्व संकलन सम्बन्धी संस्थागत व्यवस्था देहाय अनुसार रहेको छ:

- नगरपालिकामा राजस्व परामर्श समितिले आवश्यकता अनुसार बैठक गर्ने, करका दर, दायरा सम्बन्धमा शीर्षकगत छलफल गरी स्वीकृतिका लागि नगरसभामा पेश गर्ने गरेको छ ।
- नगरपालिकामा दरबन्दी तेरिज रहेको छ, संगठन संरचना तयार भई स्वीकृत हुन बाँकी छ ।
- राजस्व शाखामा राजस्व प्रमुख ना.सु सहित एक खरिदार, एक तथा कम्प्युटर अपरेटर कुल तीनजना कर्मचारी कार्यरत रहेका छन्।
- वडा कार्यालयहरुमा वडा सचिव, कार्यालय सहायक सहित सामान्यतया दुई जना कर्मचारी कार्यरत रहेका छन्।
- नगर कार्यपालिकाको कार्यालय सहित सबै वडा कार्यालयमा कम्प्युटर, इन्भर्टर सहित राजस्व सफ्टवेयरको व्यवस्था रहेको छ । सबै वडा कार्यालयबाट कम्प्युटर सफ्टवेयरमा आधारित बिलिङ गर्ने गरेको छ ।
- कर संकलन र व्यवस्थापन प्रभावकारी बनाउन नगरपालिकाले निम्न एेन तथा कार्यविधि तर्जुमा गरि कार्यान्वयनमा ल्याएको छ:
    - आर्थिक ऐन २०७५
    - कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५
    - सम्पत्ति कर व्यवस्थापन कार्यविधि २०७५
    - आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि २०७५
    - रोलर संचालन सम्बन्धि कार्यविधि २०७४
    - व्याक हो लोडर संचालन कार्यविधि २०७४
    - “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५
- राजस्व संकलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागि आवश्यकता अनुसार तालिम तथा अभिमुखीकरण कमि रहेको देखिन्छ ।
- स्थानीय तहको राजस्व प्रशासन र व्यबस्थापन सम्बन्धी विषयमा विशिष्ठीकृत तालिम, अध्ययन, अवलोकन भ्रमण लगायत क्षमता विकासका कृयाकलापहरु भने हुन सकेको देखिदैन ।

## ४.४ राजस्व परिचालनमा रहेका सवालहरू

यस नगरपालिकाले राजस्व अधिकार क्षेत्रभित्रका धेरैजसो सम्भावनाहरु उपयोगमा ल्याएको भएता पनि अन्य कतिपय शीर्षकहरुमा राजस्व संकलन गर्न बाँकी रहेको छ । समग्रमा यस नगरको राजस्व परिचालनको क्षेत्रमा निम्नअनुसारका प्रमुख सवालहरु विद्यमान रहेको देखिन्छः

### क. राजस्व प्रशासनका लागि उपयुक्त संगठन निर्माण तथा क्षमता विकास

राजस्व संकलनलाई प्रभावकारी तथा पारदर्शी बनाउन राजस्व संकलन सम्बन्धी छुट्टै कार्यविधिहरू, आवश्यक जनशक्ति, कार्यस्थल तथा आवश्यक उपकरण सहितको कार्यवातावरण हुनु आवश्यक छ । वडास्तरमा पर्याप्त कर्मचारी नभएको कारण कम्प्युटर, इन्भर्टर र राजस्व सफ्टवेयर भएर पनि हाते बिल प्रयोग गर्ने गरिएको छ । राजस्व शाखाका लागि पर्याप्त स्थानको कमी रहेको देखिन्छ । राजस्व शाखामा एकजना राजस्व अधिकृतका अतिरिक्त थप तीन जना कर्मचारी कार्यरत छन् । वडा कार्यालयहरुको हकमा एकजना वडा सचिव र एकजना सहायक कर्मचारी कार्यरत रहेको देखिन्छ । कार्यबोझका आधारमा कर्मचारी कम रहेको देखिन्छ ।

### ख. तथ्यांक संकलन तथा नियमित अद्यावधिकरणको पद्धति स्थापना

हाल नगरपालिकामा सम्पत्ति कर, भूमि कर (मालपोत), व्यवसाय कर तथा अन्य कर र गैरकर बुझाउने करदाताको संख्या के कति छ भन्ने यकीन तथ्यांक छैन । एकातिर बिलिङ पद्धतिलाई पूर्णरुपमा कम्प्युटरमा आधारित बनाउनुपर्ने देखिन्छ भने अर्कातिर सबै करदाताको लगत संकलन गर्नुपर्ने आवश्यकता रहेको छ । पूर्णरुपमा कम्प्युटरमा आधारित बिलिङ गर्ने परिपाटी भए मात्र कुन शीर्षकमा कर तिर्ने कति करदाता छन्भन्ने यकीन साथ तुरुन्त भन्न सकिने स्थिति रहन्छ र करदाताको लगत संकलन पश्चात्करको दायरामा आउन बाँकी करदाताको संख्याका बारेमा पनि आँकलन गर्न सकिन्छ ।

### ग. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

नगरपालिकाले आय परिचालन सम्बन्धी सम्पत्ति व्यवस्थापन, घरबहाल, नदीजन्य पदार्थ बाहेक अन्य क्षेत्रहरुमा समेत कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्वन्धी ब्यवस्था, अनुगमन जस्ता विषवस्तु पर्दछन् । साथै नगरपालिकाले हाल आर्थिक ऐनमा समाबेस गरेका शिक्षा तथा स्वास्थ्य विकास कर र

बाटो मर्मत, पर्याबरण संरक्षण तथा सवारी दस्तुरको कानूनी बैधतामा पनि प्रश्न उठ्न सक्ने देखिएको छ ।

**घ. राजस्वका दर निर्धारण तथा प्रचार प्रसार**

नगरपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व संकलनका लागि दर निर्धारण गर्दा सरोकारवाला व्यक्ति तथा संघ संस्थाहरुसँग पर्याप्त छलफल गर्ने र सभाबाट स्वीकृत भएको करलाई जनस्तरसम्म प्रचार प्रसार गर्न आवश्यक हुन्छ । नगरपालिकाले करदातालाई तिर्नुपर्ने कर रकम सम्बन्धी जानकारी उपलब्ध गराउन अग्रिम सूचना सम्प्रेषण गर्ने विधिको उपयोगसँगै करदाता शिक्षामा पनि पर्याप्त ध्यान दिन सकेको देखिदैन । यसका अतिरिक्त राजस्व प्रशासनमा दण्ड र पुरस्कारको नीतिलाई प्रभावकारी रुपमा अवलम्बन गर्न सकेको देखिदैन ।

**ङ. समन्वय संयन्त्र**

राजस्व परिचालन सम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा सम्बन्धित आन्तरिक तथा बाह्य निकायहरूसँग प्रभावकारी समन्वयको खाँचो देखिन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई प्रभावकारी बनाउन आवश्यक हुन्छ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वयको खाँचो देखिन्छ । त्यसैगरी रोयल्टी लगायतका राजस्व बाँडफाँड सम्बन्धमा नेपाल सरकारसँग, सवारी साधन कर तथा घरजग्गा रष्ट्रिेशन दस्तुरको बाँडफँटका लागि प्रदेश सरकारसँग र विगत बर्षहरुको राजस्व बाँडफाँटका लागि जिल्ला समन्वय समितिसँग पर्याप्त समन्वय कायम नहुँदा ती निकायबाट नगरपालिकामा प्राप्त हुने स्रोत नियमित रुपमा प्राप्त हुन सकेको देखिदैन ।

**च. चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता**

आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । नगरपालिकालेआय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन्।

# परिच्छेद – पाँचः राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको नगरपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ। यस कार्ययोजनालाई नगरपालिकाले कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वास लिइएको छ।

## ५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना

नगरपालिकाको राजस्व सुधार कार्ययोजना तयारीका सन्दर्भमा सर्वप्रथम प्रारम्भिक कार्यशाला सञ्चालन गरिएको थियो। नगरपालिकाको आयोजना र परामर्शदातृ निकायको सहजीकरणमा सम्पन्न उक्त कार्यशालामा नगरपालिकाका प्रमुख, उपप्रमुख लगायत कार्यपालिका सदस्यहरू, नगरपालिका कार्यालय तथा वडाका कर्मचारीहरू, प्रमुख राजनीतिक दलका प्रतिनिधिहरू लगायतका व्यक्तिहरूको सहभागिता रहेको थियो। कार्यशालामा सहभागीहरू तीनवटा समूहमा बसी समूह अभ्यास गरी राजस्व सुधारको मस्यौदा कार्ययोजना तयारी तथा प्रस्तुती गरिएको थियो। परामर्शदाताद्वारा संकलित अन्य सूचना तथा विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको तल उल्लेखित मस्यौदा तयार गरिएको छ। यस कार्ययोजनाका क्रियाकलापहरूलाई बृहत्रुपमा निम्न तीन क्षेत्रमा विभाजन गरिएको छ।

- क. कर राजस्व सुधार योजना
- ख. गैरकर राजस्व सुधार योजना
- ग. राजस्व प्रशासन सुधार योजना

### क. कर राजस्व सुधार योजना

कर राजस्व सुधार योजना अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेबमोजिम करका दर र दायरा वृद्धि गर्न नगरपालिका पदाधिकारीहरूसँग छलफल गरी निम्नानुसार गर्ने गरी प्रस्ताव गरिएको छ।

# तालिका ९ कर राजस्व सूधार कार्ययोजना

| कर राजस्वका शिर्षकहरु | सुधारका लागि गर्नु पर्ने कार्यहरु | सयमावधी | जिम्मेवारी |
|---|---|---|---|
| भूमिकर/मालपोत | – मालपोत कार्यालयबाट जग्गाको अभिलेख प्राप्त गर्ने<br>- वडागत रुपमा सम्पूणर् जग्गाको अभिलेख राख्ने र नियमित अद्यावधिक गर्ने<br>- जग्गाको पुनवर्गीकरण गरी मूल्यांकनको आधार वैज्ञानिक बनाउने<br>- जग्गाको मुल्यको आधारमा मालपोत तथा भूमीकरको दर निर्धारण गर्ने<br>– विद्यमान कानुन अनुरुप मालपोत संकलन शुरु गर्ने | २०७९ ज्येष्ठ मसान्त सम्म<br>असार मसान्त सम्म<br>श्रावण १ देखि | राजस्व शाखा<br>राजस्व परामर्श समिति, राजस्व शाखा<br>राजस्व परामर्श समिति, नगर सभा<br>वडा कार्यालय |
| सम्पत्ति कर | - हालको एकीकृत व्यवस्थामा रहेको करदाताको अभिलेअ अनुशार सम्पत्ति करदाताको पहिचान गर्ने ।<br>- सम्पत्ति कर व्यवस्थापान कार्यविधि तयार गर्ने<br>- सम्पत्ति करको दर (संरचना र सोले चर्चेको जग्गामात्रको मुल्यांकन गरि) निर्धारण गरि आर्थिक ऐनमा व्यवस्था गर्ने<br>- सम्पत्ति कर सम्बन्धी जनचेतना शिविर सञ्चालन गर्ने<br>- मालपोत र सम्पत्ति कर एकै पटक लिन सकिने भनि आर्थिक ऐनमा उल्लेख गर्ने | २०७९ ज्येष्ठ मसान्त सम्म<br>असार मसान्त सम्म<br>श्रावण १ देखि | राजस्व शाखा<br>राजस्व परामर्श समिति, राजस्व शाखा, कार्यपालिका<br>राजस्व परामर्श समिति, नगर सभा<br>राजस्व शाखावडा कार्यालय |
| **सवारी कर** | - टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता तथा इजाजत कार्यविधि तर्जुमा गर्ने ।<br>- टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्सा वाहेकमा वार्षिक सवारी कर तथा पटके कर नलाग्ने ब्यवस्था गर्ने ।<br>- नगरक्षेत्रमा गुड्ने टाडा, रिक्सा, अटो रिक्सा तथा ई रिक्साहरूको दर्ता तथा नवीकरण दस्तुर निर्धारण गरी सवारीहरू दर्ता गर्ने । | २०७९ आषाढ मसान्त सम्म | राजस्व परामर्श समिति र नगर कार्यपालिका<br>राजस्व परामर्श समिति र नगर कार्यपालिका<br>प्राविधिक शाखा तथा राजस्व शाखा |
| **घरजग्गा बहाल कर** | - घरजग्गा वहाल कर असुली व्यवस्थालाई आर्थिक ऐनमा स्पष्ट ब्यवस्था गर्ने ।<br>- संरचनाको प्रकार र स्थानको आधारमा न्यूनतमवहाल मूल्य निर्धारण गर्ने ।<br>- घरजग्गा वहाल करको दर पुनरावलोकन गरी आर्थिक ऐनमा समावेश गर्ने । | २०७९ आषाढ मसान्त सम्म | राजस्व परामर्श समिति, नगर सभा, राजस्व शाखा राजस्शाखा, वडा कार्यालयहरु |

| | | | |
|---|---|---|---|
| | - सम्पत्तिको अभिलेखमा वहालमा भएका<br>- घरजग्गाको लगत अद्यावधिक गरी घरजग्गा वहाल कर रकम निर्धारण तथा असुल गर्ने | | |
| **ब्यवसाय कर** | - सम्भाव्य व्यवसाय करदाता सबैको विवरण संकलन गरी नियमित अद्यावधिक गर्ने<br>- अनलाइन प्रविधिबाट व्यवसाय दर्ता अभिलेख राख्ने<br>- लगानी, कारोबारको प्रकृति, कारोबारको<br>- परिमाणका आधारमा करको दर निर्धारण गर्ने<br>- नयाँ दर्ता तथा नवीकरणका लागि शिविर सञ्चालन गर्ने | **२०७८/७९ देखि निरन्तर** | आर्थिक विकास शाखा<br>राजस्व परामर्श समिति<br>वडा कार्यालय |
| **कवाडी कर** | - ठेक्का प्रक्रियाबाट राजस्व संकलन गर्ने<br>- कवाडी संकलन केन्द्र व्यवस्थित गर्ने | **२०७८/७९ देखि निरन्तर** | राजस्व शाखा |
| **विज्ञापन कर** | - नगरपालिकामा विद्यमान विज्ञापन सामग्री र सम्बन्धित विषयमा अध्ययन गर्ने<br>- विज्ञापन कर व्यवस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने<br>- कार्यविधि तर्जुमा गर्दा विज्ञापन सामग्रीको आकारका अतिरिक्त विज्ञापनका विषयवस्तुलाई पनि वर्गीकृत गर्ने<br>- विज्ञापन करको अनुगमनलाई प्रभावकारी बनाई सबै विज्ञापन करको दायरामा आउने विषय सुनिश्चित गर्ने | २०७९ आषाढ मसान्त सम्म | राजस्व शाखा |

*श्रोतः नगरपालिकाको प्रतक्ष्य सर्वेक्षण, २०७८*

## ख. गैरकर राजस्व सुधार योजना

गैरकर राजस्व सुधार योजना अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेबमोजिम राजस्वका दर र दायरा वृद्धि गर्न नगरपालिका पदाधिकारीहरूसँग छलफल गरी निम्नानुसार गर्ने गरी प्रस्ताव गरिएको छ।

**तालिका १० गैरकर राजस्व सुधार योजना**

| गैरकर राजस्वका शीर्षक | सुधारका लागि गर्नुपर्ने कार्य | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम्माटोजन्य पदार्थको बिक्री | - बिक्री दर परिमार्जन गरि आर्थिक ऐनमा उल्लेख गर्ने<br>- ठेक्कामा उल्लेख भएको शर्त नमानेमा हुन सक्ने कारबाही र दण्ड सजायको व्यवस्था आर्थिक ऐनमा उल्लेख गर्ने<br>- प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिमको परिमाणमा ठेक्का आव्हान गर्ने | २०७९ आषाढ मसान्त सम्म र नियमित | राजस्व परामर्श समिति, नगर सभाप्रमुख प्रशासकिय अधिकृत, राजस्व शाखा नगर कार्यपालिकानगर प्रमुख, |

| | | | |
|---|---|---|---|
| | - नदीजन्य पदार्थको व्यवस्थित उत्खनन तथा बिक्रीका लागि अनुगमन समिति गठन गर्ने<br>- अन्य नगरपालिकासंग सिमा जोडिएको क्षेत्रमा आउने समस्या सामाधानका लागि अन्य निकाय (प्रदेश सरकार, जिसस, सिमा जोडिएको स्थानीयसरकार) संग समन्वय गर्ने<br>- अनुगमनलाई नियमित र प्रभावकारी बनाई प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले सिफारिश गरेको परिमाण तथा प्रावधानहरुको पालना सुनिश्चित गन | रुपमा | उप प्रमुख, प्रमुख प्रशासकिय |
| वन पैदावार | - सामुदायिक वनपैदावर बिक्रीबाट प्राप्त हुने रकमको १० प्रतिशत रकम नगरपालिकामा जम्मा हुने व्यवस्था आर्थिक ऐनमा उल्लेख गर्ने ।<br>- सामुदायिक वन तथा वनपैदावार संग समन्वय गरि बिक्रीसम्बन्धी तथ्यांक संकलन र नियमित अद्यावधिक गर्ने<br>- सामुदायिक वनको वन पैदावार बिक्रीवापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित शीर्षकमा दाखिला गरी नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्ने | २०७९ आषाढ मसान्त सम्म | राजस्व परामर्श समिति, नगर सभा राजस्व शाखा |
| नक्सापास दस्तुर | - भवनहरुलाई आवासाीय, व्यवसायिक तथा औद्योगिक गरी वर्गीकरण गर्ने<br>- वर्गीकरण अनुसार दर निर्धारणका लागि आर्थिक ऐन संशोधन गर्ने<br>- सेवामूलक संरचनालाई छुट दिने | २०७९ आषाढ मसान्त सम्म | नक्सा शाखा वडा कार्यालय |
| बहाल बिटौरी शुल्क | - वहाल विटौरी शुल्कको क्षेत्राधिकार भित्र ऐलानी वा पर्ति जग्गामा वनेका संरचनाहरूलाई समेत समावेश गर्ने गरी शुल्क दर आर्थिक ऐनमा ब्यवस्था गर्ने ।<br>- ऐलानी वा पर्ति जग्गामा वनेका संरचनाहरूको अभिलेख राखी वहाल विटौरी शुल्कको अभिलेख राख्ने ।<br>- हालसम्म दर्ता कायम नभएका ऐलानी जग्गाको अभिलेख राखि वहाल विटौरी शुल्क लिन सक्ने सम्भावनाको अध्ययन गरी जग्गाको उपभोग गरेवापत वहाल विटौरी शुल्कको दर निर्धारण गरी असुल गर्ने ।<br>- हाटवजार तथा सार्वजनिकलाई उपयोगवापत विटौरी करको दरलाई पुनरावलोकन गर्ने | २०७९ आषाढ मसान्त सम्म | राजस्व परामर्श समिती,नगरकार्यपालिका राजस्व शाखा, वडा कार्यालय राजस्व परामर्श समिती, नगरकार्यपालिका राजस्व परामर्श समिती, नगरकार्यपालिका |
| सेवा शुल्क | - सेवा शुल्क लिन सकिने क्षेत्रहरु (अतिथि गृह, सभाहल, औद्योगिक क्षेत्र, बसपार्क, हाटबजार तथा सार्वजनिक जग्गाको लिज, कृषि उपज संकलन केन्द्र, कोल्ड स्टोर, र अन्य) पहिचान गर्ने<br>- पहिचान भएका आयोजनामध्ये स्वलगानीमा सञ्चालन गर्ने आयोजनाहरुको संभाव्यता अध्ययन गर्ने | २०७८/७९ देखि निरन्तर | योजना शाखा, कार्यपालिका, राजस्व परामर्श समिति |

| | | | |
|---|---|---|---|
| | - सार्वजनिक निजी साझेदारीमा सम्पन्न गर्न सकिने आयोजना छनौट गरी कार्यान्वयन प्रकृया अघि बढाउने<br>- नगरपालिकाले उपलब्ध गराउने सेवा शुल्कको दरमा समसामयिक परिमार्जन गर्ने | | |
| दर्ता, अनुमति तथा नवीकरण दस्तुर | - विद्यालय स्थापना, घ वर्गको ठेक्का इजाजत, एफ.एम. रेडियो संचालन, स्थानीयस्तरमा व्यापारीक फर्म आदिको दर्ता गर्ने कार्यविधि तर्जुमा गर्ने र दर्ता तथा नवीकरण दस्तुरको दर आर्थिक ऐनमा समावेश गर्ने । | २०७९ आषाढ मसान्त सम्म | राजस्व परामर्श समिति, नगरकार्यपालिका |
| सिफारिश तथा प्रमाणित दस्तुर | - सिफारिश तथा अन्य सेवा शुल्कको दर पुनरावलोक गरि आवश्यकता अनुसार परिमार्जन गर्ने ।<br>- न्यायिक समितिले लेनदेनका विषयमा मेलमिलाप गराए बापत निश्चित प्रतिशत सेवा शुल्क लिने गरी आर्थिक ऐनमा समावेश गर्ने । | २०७९ आषाढ मसान्त सम्म | राजस्व परामर्श समिति, नगरकार्यपालिका |

*श्रोतः नगरपालिकाको प्रतक्ष्य सर्वेक्षण, २०७८*

### ग. राजस्व प्रशासन सुधार योजना

समग्र राजस्व परिचालनलाई प्रभावकारी बनाउन के गर्न सकिन्छ भनी सहभागितामूलक रुपमा छलफल गरी प्राप्त भएका बुँदाहरूका आधारमा यहाँ राजस्व सुधार योजना तर्जुमा गरिएको छ, जुन देहायअनुसार रहेको छः

**तालिका ११ राजस्व प्रसासन सुधार योजना**

| सुधारका क्षेत्र | राजस्व प्रशासनमा सुधारका लागि गर्नुपर्ने कार्य | समयावधि | जिम्मेवार |
|---|---|---|---|
| नीतिगत व्यवस्था | - वार्षिक रुपमा आर्थिक ऐनको पुनरावलोकन गर्ने र व्यवहारिक नदेखिएका प्रावधानहरुलाई वार्षिक रुपमा परिमार्जन गर्दै जाने<br>- प्रगतिशील करको दर, मूल्य र महत्वको आाधारमा करको निर्धारण, समयानुकूल करको दरमा परिमार्जन गर्ने | २०७८/७९ देखि निरन्तर | राजस्व शाखा<br>राजस्व परामर्श समिति |
| सांगठनिक स्वरुप | राजस्व सम्बन्धी कामको चाप र आवश्यकता अनुसार वडा कार्यालय देखि नगर कार्यपालिकाको कार्यालयमा कर्मचारी दरबन्दी थप गर्ने | २०७९ आषाढ मसान्त सम्म | प्रमुख प्रशासकीय<br><br>अधिकृत |

| | | | |
|---|---|---|---|
| भौतिक पूर्वाधार तथा संरचना | सेवाग्राहीमैत्री भौतिक संरचना तयारीः<br>- पहिले आउनेलाई पहिलो सेवा,पत्रपत्रिकाबाट सूचना प्रवाह,<br>- टेण्डर, विज्ञापन लगायतका सूचनाहरु छापा तथा विद्युतीय लगायतका प्रभावकारी तथा सान्दर्भिक माध्यमबाट प्रसार गन | २०७९ आषाढ मसान्त सम्म | नगर कार्यपालिका |
| राजस्वअसुलीमा पारदर्शिता तथा जवाफदेहिता | - नागरिक वडापत्रको व्यवस्था गर्ने<br>- मोबाइल एपको व्यवस्था र नियमित अद्यावधिकरण<br>- हरेक वर्ष समयानुकूल करमा अद्यावधिकरण | २०७८ असौज मसान्त सम्म | सूचना प्रविधि शाखा, राजस्व शाखा, वडा कार्यालय |
| करदाताको पहिचान | - वर्गीकृत करदाता तथ्यांक संकलन<br>- कर छुट नहुने सेवाको वर्गीकरण<br>- प्रत्येक परिवारको सम्पत्ति/आम्दानीको लगत संकलन | २०७९ आषाढ मसान्त सम्म | |
| राजस्व असुली रणनीति | - विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागि चेतनामूलक प्रचार प्रसार गर्ने<br>- कर करदातालाई उस/उनले तिर्ने करबारे एसएमएस लगायतका प्रभावकारी माध्यमबाट जानकारी गराउने<br>- कर नीतिमा दण्डात्मक र उत्प्रेरणामूलक दुवै सिद्धान्तको सन्तुलित प्रयोग गर्ने । जस्तै, ढिलो कर तिर्नेलाई विलम्ब शुल्क लगायत दण्डको व्यवस्था र नियमित तथा बढी कर तिर्ने करदातालाई पुरस्कारको व्यवस्था गर्ने<br>- कर उठाउने टोली खटाई व्यवसाय दर्ता, नवीकरण गर्ने | २०७८ चैत्र मसान्त सम्म | राजस्व परामर्श समिति |
| करदाताको अभिलेख | - विद्युतीय प्रविधिको प्रयोगबाट सबै प्रकारका करदाताको अभिलेख राख्ने र अद्यावधिक गर्दै जान | नयमित, वार्षिक | राजस्व शाखा, वडा कार्यालयहरु |
| राजस्व चुहावट नियन्त्रण | - करदाताको अभिलेख वार्षिक रुपमा अद्यावधिकरण गर्ने<br>- करदाता पहिचान तथा निरीक्षण गरी चुहावट भए नभएको यकीन गर्ने<br>- चुहावट भएकोमा जरिवाना सहित असुल गर्ने | तेस्रो चौमासिक | टोल विकास समिति<br>वडा कार्यालय<br>न.पा. कार्यालय |

| | | | |
|---|---|---|---|
| अनुगमन मूल्यांकन | - सम्बन्धित शाखा समितिले वडादेखि नगरपालिकाको सबै शाखा तथा सम्पूणर् सरोकारवाला निकायमा स्थलगत निरीक्षण गर्ने, करको महत्व बुझाउने, सुझाव संकलन गर्ने | हरेक आ.व.को अन्तिम चौमासिक | राजस्व अनुगमन समिति |
| आन्तरिक लेखा परीक्षण | - चालु आ.व.मा भए गरेका कर असुलीको आन्तरिक एवम्अन्तिम लेखा परीक्षण गर्ने<br>- आर्थिक प्रतिवेदन तयार गर्ने | आगामी आ.व.को प्रथम चौमासिक | राजस्व शाखा आलेप शाखा |

*श्रोतः नगरपालिकाको प्रतक्ष्य सर्वेक्षण, २०७८*

# परिच्छेद – छः आगामी तीन वर्षको आय प्रक्षेपण

मूलतः विगत तीन वर्षको यथार्थ आय तथा नगरपालिकाको राजस्व अधिकार र हालको आय संकलन अवस्थाको आधारमा यस परिच्छेदमा नगरपालिकाको आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ। महालेखा परिक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको छ। यसले नगरपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्ने विश्वास लिइएको छ।

## ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात आगामी तीन वर्ष (आ.व. २०७८।७९ देखि २०८०।८१) को लागि आय प्रक्षेपण गरिएको छ। यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ। धैरैजसो शिर्षकहरूको आय प्रक्षेपण अर्थशास्त्रीय गणितमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ। त्यसैगरि केही शिर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको तथ्याङ्क नभएकोले त्यसलाई त्यसै छोडिएको छ।

**तालिका १२ आगामी आ.व.२०७८/७९ का लागि राजस्व प्रक्षेपणका आधार**

*(रु. हजारमा)*

| क्र.सं. | राजश्व शिर्षक | कुल सम्भाव्यता | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
|---|---|---|---|---|
| **क. आन्तरिक आय तर्फ** | | | | |
| १. | सम्पत्ति कर | २३५५ | कुल सम्भावनाको ५० प्रतिशत र त्यसपछिका आ.व.मा प्रक्षेपण अनुसार बृद्धि हुँदै जाने | ११७७.५ |
| २. | भूमी कर (मालपोत) | २५८४ | कुल सम्भावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा प्रक्षेपण अनुसार बृद्धि हुँदै जाने | १५५०.४ |
| ३. | घर बहाल कर | ३६१ | कुल सम्भावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा प्रक्षेपण अनुसार बृद्धि हुँदै जाने | २१६.६ |
| ४. | बहाल विटौरी शुल्क | १५ | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा प्रक्षेपण अनुसार बृद्धि हुँदै जाने | १३.५ |
| ५. | व्यवसाय कर | २५६ | कुल सम्भावनाको ८५ प्रतिशत र त्यसपछिका आ.व.मा प्रक्षेपण अनुसार बृद्धि हुँदै जाने | २१७.६ |
| ६. | व्यवसाय रजिष्ट्रेशन दस्तुर | - | कुल सम्भावना | |

| | | | | |
|---|---|---|---|---|
| ७. | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | | कुल सम्भावना | |
| ८. | अन्य बिक्रिबाट प्राप्त रकम | ५६ | फाराम, पुस्तक, नक्सा जस्ता सामग्रीहरुको बिक्रीवापत आ.ब. २०७८।७९ मा रु ५० हजार संकलन हुने र त्यसपछि बार्षिक प्रक्षेपण अनुसार बृद्धि हुँदै जाने अनुमान | ५० |
| ९. | अन्य सेवा शुल्क तथा बिक्री (ढुंगा, गिट्टी, बालुवा बिक्री) | ३८३ | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका प्रक्षेपण अनुसार बृद्धि हुँदै जाने | ३४४.७ |
| १०. | सेवा शुल्क (मुल्यांकन समेत) | - | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका प्रक्षेपण अनुसार बृद्धि हुँदै जाने | |
| ११. | नक्सापास दस्तुर | ६७५ | | ५८९.५ |
| १२. | सिफारिश दस्तुर | ३७५ | | ३३७.५ |
| १३. | ब्यक्तिगत घटना दर्ता दस्तुर | २८ | | २५.२ |
| १४. | नाता प्रमाणित दस्तुर | ११३ | | १७३.७ |
| १५. | अन्य दस्तुर | १९० | कुल सम्भावना | |
| १६. | न्यायिक दण्ड, जरिवाना र जफत | २२१ | कुल सम्भावना | २२१ |
| १७. | प्रशासनिक दण्ड, जरिवाना र जफत | - | | - |
| १८. | अन्य राजस्व | ३७५ | कुल सम्भावना | ३७५ |
| **ख. राजश्व बाँडफाँड** | | | | |
| **ख.१** | **संघीय सरकार** | ५८९३३ | आ.ब. २०७८।७९ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस प्रक्षेपण अनुसार बृद्धि हुँदै जाने | ५८९३३ |
| १. | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | | कुल संभावना | |
| २. | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | | | |
| ३. | बाँडफाँड भई प्राप्त वन रोयल्टी | | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको सिफारिशको आधारमा | |
| **ख.२** | **प्रदेश सरकार** | | | |
| १. | घरजग्गा रजिष्ट्रेशन दस्तुर | | कुल सम्भावना | |
| २. | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | | कुल सम्भावना | |
| ३. | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | कुल सम्भावना | |

| | | | | |
|---|---|---|---|---|
| ४. | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | | कुल सम्भावना | |
| **ग. अनुदान तथा वित्तीय हस्तान्तरण** | | | | |
| **ग.१** | **संघीय सरकार** | | | |
| १. | समानिकरण अनुदान | १११४०० | आ.ब. २०७८।७९ का लागि प्राप्त सिलिङ्ग | १११४०० |
| २. | शसर्त अनुदान | २१४६०९ | | २१४६०९ |
| ३. | विषेश अनुदान | | | |
| ४. | समपुरक अनुदान | २२६०० | | २२६०० |
| ५. | अन्य अनुदान (सामाजिक सुरक्षा, निर्वाचन क्षेत्र विकास तथा अन्य) | | कुल सम्भावना | |
| **ग.२** | **प्रदेश सरकार** | | | |
| १. | समानिकरण अनुदान | ११४७८ | आ.ब. २०७८।७९ का लागि प्राप्त सिलिङ्ग | ११४७८ |
| २. | शसर्त अनुदान | २६०६८ | | २६०६८ |
| ३. | विषेश अनुदान | | | |
| ४. | समपुरक अनुदान | १४,८०८ | | १४,८०८ |
| ग.३ | अन्य आन्तरिक अनुदान | | कुल सम्भावना | |
| १. | अन्य संस्थागत आन्तरिक अनुदान | | कुल सम्भावना | |
| २. | अन्य व्यक्तिगत आन्तरिक अनुदान | | कुल सम्भावना | |

*श्रोतः नगरपालिकाको प्रतक्ष्य सर्वेक्षण, २०७८*

## ६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण

आय शीर्षकको संभाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी नगरपालिकाको आगामी तीन वर्षको प्रक्षेपित आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । प्रक्षेपणको लागि राजस्व संकेत वर्तमानमा सिफारिश गरिएको लेखा कोडको आधारमा गरिएको छ । माथिका अध्यायहरूमा प्रस्ताव गरिएअनुसार ऐनले दिएबमोजिम करका दायरा विस्तार गर्न सकेको खण्डमा निम्न तालिकामा दिए अनुसार गाउँपालिकाको आय वृद्धि हुने देखिन्छ ।

## तालिका १३ आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण

*रु. हजारमा*

| क्र. स. | राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | | | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७५/२०७६ | २०७६/२०७७ बैशाख सम्म | २०७७/२०७८ | २०७८/२०७९ | २०७९/२०८० | २०८०/२०८१ |
| आन्तरिक आय तर्फ | | | | | | | | |
| १. | ११३१३ | सम्पत्ति कर | ४६,७२,७१५ | ७,३९,८९७ | ३,८५,०११.८५ | २३,५५,१६१.९ | ३५,०५,१४३.२ | ५७,१५,२५२.८ |
| २. | ११३१४ | भूमी कर/मालपोत | २,२०,४७९ | ८,५३,११६.८१ | १८,३५,५३७.३५ | २५,८४,७६९.४ | ३४,८९,४६०.५ | ४२,९०,५१२.२ |
| ३. | ११३२१ | घर बहाल कर | ६,२०,८०१.०३ | ९९,३८१.७ | १४,५६६ | ३,६१,३१८.८ | ५,४३,१५७.६ | ८,५४,३६०.३ |
| ४. | १४६११ | व्यवसाय कर | ६८,५०० | १,१०,६०० | १,९९,२९४ | २,५६,९२५.३ | ३,५५,२६५.१ | ३,९९,७९९.३ |
| ५. | १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | - | - | - | | | |
| ६. | ११३२२ | बहाल विटौरी शुल्क | ४,४१,०२० | १,६९,३५२ | १,६६,४०१.२० | १५,६९४.४ | ७८,३६०.१ | २,२०,६४५.८ |
| ७. | १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | - | - | - | | | |
| ८. | १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम | २,४२,९०० | ५८,६५० | १,४९,०७० | ५६,३७६.७ | ८५,७५८.९ | ३३,७५७.४ |
| ९. | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री (ढुङ्गा, गिट्टी, बालुवा बिक्री) | ७,३७,४६५ | ४९,९४० | ६८,७०० | ३,८३,३९६.७ | ५,२१,५८८.९ | ८,६९,०५०.८ |
| १०. | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क (मुल्यांकन समेत) | २,६५,६०० | १,६८,४९५ | ५१,८०० | ५१,८३५ | १,६४,१७६.७ | २,७०,७१३.९ |
| ११. | १४२४२ | नक्सापास दस्तुर | ३,०८,६४६.५ | २,०७,३०३ | ६,०९,४७३.३२ | ६,७५,९६७.८ | ९,६६,२४६.१ | ११,०७,३३५.२ |
| १२. | १४२४३ | सिफारिश दस्तुर | ११,७२,०५४ | ४,३६,१४० | ७,५८,६४४ | ३,७५,५३६ | ४,६२,८३६ | २,३६,५३०.७ |
| १३. | १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | ७२,५६० | २०,०५० | ५२,६५० | २८,५१० | ४२,१९६.७ | ३०,६६५.६ |
| १४. | १४२४५ | नाता प्रमाणित दस्तुर | १,८७,५०० | २,५३,९१० | १,१५,३०० | १,१३,३७० | २०,३२० | ११,९८३.३ |
| १५. | १४२४९ | अन्य दस्तुर | १,३७,४३२ | ५०,३५५ | १,९९,२९४ | १,९०,८८९ | २,८७,३८० | ३,१३,९४० |
| १६. | १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | ३,६६,८३७ | ६७,९४५ | - | २,२१,९०९ | ३,४१,१७६ | ५,२८,८७१ |
| १७. | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | - | - | - | | | |
| १८. | १४५२९ | अन्य राजस्व | ३,७४,०८८ | १,५४,९७० | ४,३०,००० | ३,७५,५९८ | ५,४०,८१७.३ | ५,५९,६२२.४ |
| १९. | राजस्व बाँडफाँड | | | | | | | |
| २०. | | आन्तरिक आय | १,०१,९४,८५०.५३ | ११,४९,४२,००० | ५५,४३,००० | ३,८९,०८,०९९ | २,२९,०२,८६७ | २,१२,६३,१२३ |
| २१. | | राजस्व बाँडफाँड | ५,२६,१३,८५८ | ५,४५,९८,००० | ५,६८,५७,००० | ५,८९,३३,६९५ | ६,११,३२,१५९.६ | ६,३२,४८,९७७.६ |
| २२. | संघीय सरकार | | | | | | | |
| २३. | १३३११ | समानिकरण अनुदान | ९,९४,००,००० | १०,७४,००,००० | १०,६४,००,००० | ११,१४,००,००० | ११,२४,००,००० | ११,६०,६६,६६६ |
| २४. | १३३१२ | शसर्त अनुदान | १३,१७,३९,०२३ | १६,७१,९३,००० | १८,५०,२८,००० | २१,४६,०८,९८४ | २३,६३,५९,३१२ | २६,३३,३०,०७८ |
| २५. | १३३१४ | विषेश अनुदान | - | - | - | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २६. | १३३१६ | समपुरक अनुदान | - | ९०,००,००० | १,४७,००,००० | २,२६,००,००० | २,९०,३३,३३३ | ३६,४४,४४४ |
| २७. | १३३१८ | अन्य अनुदान (सामाजिक सुरक्षा समेत) | - | - | - | | | |
| **२८.** | **प्रदेश सरकार** | | | | | | | |
| २९. | १३३११ | समानिकरण अनुदान | ७६,८४,००० | ९८,७२,००० | ९९,८३,००० | १,१४,७८,६६६ | १,२०,५१,२२२ | १,३२,३९,१८५ |
| ३०. | १३३१२ | शसर्त अनुदान | २,३०,८४,४६४ | १,१६,३७,००० | २,८१,८४,००० | २,६०,६८,०२४ | ३,६३,९४,०३२ | ३,८४,२५,३८४ |

*श्रोतः नगरपालिकाको प्रतक्ष्य सर्वेक्षण, २०७८*

# परिच्छेद — सात: निष्कर्ष तथा सुझाव

यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमाका क्रममा विभिन्न स्रोतहरुबाट तथ्यांक तथा सूचनाहरु संकलन गरिएको थियो। विभिन्न फारमहरुको प्रयोग गरी गाउँ कार्यपालिकाको कार्यालय तथा सम्वन्धित अधिकारीहरुबाट समेत सूचना संकलन गरिएको थियो। हालको राजस्व संकलन तथा प्रशासनको अवस्थालाई सुधार गर्नका लागि आवश्यक कृयाकलापहरु पहिचान गरि राजस्व सुधार कार्ययोजना तर्जुमा गरियो। संकलित तथ्यांक, विद्यमान प्रवृत्ति, उपलब्ध सूचनाको विश्लेषण तथा राजस्व सुधार कार्ययोजनामा निर्दिष्ट गरिएका क्रियाकलापहरुको कार्यान्वयन हुने मान्यता र त्यसको नतिजा समेतलाई मध्यनजर गरी आगामी तीन आर्थिक वर्षका लागि राजस्व प्रक्षेपण गरिएको छ।

## ७.१ निष्कर्ष तथा सुझाव

नेपालको स्वीट्जरल्याण्ड भनेर परिचित यस जिरी नगरपालिकामा विभिन्न किसिमका साना तथा मझौला खालका घरेलु उद्योगहरु, कृषि उत्पादनहरु मध्ये धैरै सम्भावना रहेको आलुको उत्पादन, किवि उत्पादन, चिज उत्पादन यस क्षेत्रका महत्वपूर्ण उत्पादनहरु हुँदाहुँदै पनि राजस्व सुधार कार्ययोजनाले तयार पारेको आय प्रक्षेपण लाई आधार बनाउँदा नगरपालिकाले प्राप्त गर्ने आम्दानी र निर्माण गर्ने बजेटका विचमा ठूलो अन्तर रहेको देखिन्छ। जसमा आन्तरिक आम्दानी र बजेटका बिचमा करिब ७ र ८ प्रतिशतमात्रको अनुपात देखिन्छ। त्यसैले आगामी बर्षहरुमा नगरपालिकाले करसम्बन्धी शिक्षालाई ध्यान दिई आफ्ना सम्पुर्ण क्षेत्रहरुमा यसको विस्तार गर्नुपर्ने देखिन्छ। जसबाट कर राजस्वमा वृद्धि गरी आन्तरिक आम्दानीमा पनि वृद्धि गर्नुपर्ने देखिन्छ। अन्य गाउँपालिका वा नगरपालिकाहरूको जस्तै गिट्टी ढुंगा बालुवा को उत्पादनमा नगरपालिकाको सम्भावना न्यून जस्तै रहेको छ। त्यसैले आगामी वर्षहरुमा कर राजस्व प्राप्त गर्ने अन्य विभिन्न क्षेत्रहरूको पहिचान गर्नुपर्ने आवश्यकता रहेको छ। नक्सा पास दस्तुर लगायत अन्य विभिन्न सिफारिस दस्तुरहरु, सेवा शुल्कहरु, सम्पत्तिकरहरुलाई बढी कडिकडाउ गरी राजस्व संकलन गर्नुपर्ने देखिन्छ। यदि यस्तो गर्न सकिएन भने स्थानीयरुपमा प्राप्त गरिएको राजस्व सम्बन्धी अधिकारको कुनै सगुपयोग हुन सकिने देखिँदैन। यस नगरपालिकाले जिरीको आफ्नो पहिचानलाई विस्तारमात्र  गर्ने हो भने पनि पर्यटन क्षेत्रबाट मात्र पनि ठूलै राज्जस्व प्राप्त गर्न सकिने देखिन्छ।

यस अध्ययन अनुसार जिरि नगरपालिकाको आगामी आ.व. २०७८।७९ को कुल बजेट ५० करोड ६४ लाख ११ हजार हुने देखिएको छ। यद्यपि प्रस्तुत विवरणले नगरपालिकाको आन्तरिक आय सो आ.व. मा ३ करोड ८९ लाख ८ हजार हुने अनुमान गरिएको छ, जुन कुल आयको करिब ७.६८ प्रतिशत हुन आँउछ।

सारांशमा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन आर्थिक वर्षहरुमा हुने आय संरचना देहाय अनुसार हुने प्रक्षेपण गरिएको छ।

**तालिका १४ प्रक्षेपित आय संरचना**

*रु. हजारमा*

| आय शीर्षक | २०७५।०७६ को यथार्थ आय | २०७६।०७७ को यथार्थ आय | २०७७।०७८ को यथार्थ आय | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| **क. आन्तरिक आय** | **१०,१९४** | **१,१४,९४२** | **५,५४३** | **३८९०८.७** | **२२९०२.१** | **२१२६१.९** |
| **ख. राजस्व बाँडफाँड** | **५२,६१३** | **५४,५९८** | **५६,८५७** | **५८९३३.३** | **६११३१.४** | **६३२४८.४** |
| **ग. वित्तीय हस्तान्तरण तथा अनुदान** | | | | | | |
| **संघीय सरकार** | | | | | | |
| समानीकरण अनुदान | ९९,४०० | १,०७,४०० | १,०६,४०० | १११४०० | ११२४०० | ११६०६६.७ |
| सशर्त अनुदान | १,३१,७३९ | १,६७,१९३ | १,८५,०२८ | २१४६०९ | २३६३५९.३ | २६३३३०.१ |
| समपुरक अनुदान | - | ९,००० | १४,७०० | २२६०० | २९०३३.३ | ३६४४४.४ |
| **प्रदेश सरकार** | | | | | | |
| समानिकरण अनुदान | ७,६८४ | ९,८७२ | ९,९८३ | ११४७८.७ | १२०५१.२ | १३२३९.२ |
| सशर्त अनुदान | २३,०८४ | ११,६३७ | २८,१८४ | २६०६८.३ | ३६३९४.४ | ३८४२६.१ |
| समपुरक अनुदान | - | ८,००० | १४,८०८ | २२४१०.७ | २९४८३.६ | ३६९०९.६ |
| **कुल जम्मा** | **३,२४,७१४** | **४,८२,६४३** | **४,२१,५०५** | **५०६४११.७** | **४९३९५५.२** | **५४६४०७.५** |

*श्रोतः नगरपालिकाको प्रतक्ष्य सर्वेक्षण, २०७८*

तालिकामा उल्लेख गरिएअनुसार प्रक्षेपित आय हासिल गर्नका लागि नगरपालिकाले वर्तमान संरचना तथा व्यवस्थापन प्रणालीमा परिवर्तन गर्न आवश्यक देखिन्छ । यस सन्दर्भमा सुधारका लागि सुझाइएका कदमहरु निम्नानुसार छन्।

- राजश्व असुलीको अनुगमन कार्यमा राजस्व परामर्श समितिलाई थप क्रियाशील बनाउने।
- आर्थिक ऐन संसोधन गरी संघीय कानुन अनुकुलन र थप वस्तुपरक बनाउने।
- आय अनुमान र आय प्रतिवेदनका लागि तोकिएको ढाँचा व्यवहारमा ल्याउने।
- सम्पत्ति कर र मालपोत वा भूमिकर असुली व्यवस्था ब्यवस्थित गरी कम्प्यूटरीकृत अभिलेख तयार गर्ने।
- घरवहाल कर तथा ब्यवसाय करलाई प्रभावकारी कार्यान्वयन गर्ने।
- राजस्व प्रशासन संग सम्बन्धित कर्मचारीहरुका लागि तालिमको व्यवस्था गर्ने।
- प्राकृतिक तथा नदीजन्य वस्तुको बिक्री सम्वन्धी वार्षिक ठेक्कालाई समयवद्ध र नियमित गर्ने।

नगरपालिकालाई प्राप्त राजस्व अधिकारहरुमध्ये कतिपय अधिकारहरु क्रमिक रुपले परिष्कृत हुँदै आउँदा राजस्व व्यवस्थापनलाई त्यस अनुरुप स्तरोन्नति गर्नुपर्ने देखिन्छ। राजस्व सुधार कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरुलाई पनि प्राथमिकीकरण गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ। आफ्ना क्षेत्रका उत्पादनहरुलाई ब्यबसायिकिकरणमा ध्यान दिनु पर्ने देखिन्छ।

## अनुसूची १: सन्दर्भ सामग्रीहरू

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन, २०७४
- नेपाल सरकारको वजेट वक्तब्य, २०७७।७८
- बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०७६
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४
- स्थानीय तहको आर्थिक ऐनको नमूना
- प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाव प्रतिवेदन, २०७५ - नेपाल सरकार (मन्त्रिपरिषद्) निणर्यबाट गठित कार्यदलले अर्थ मन्त्रालय समक्ष पेश गरेको
- जिरि नगरपालिकाको आर्थिक ऐन २०७६
- जिरि नगरपालिकाको विनियोजन ऐन २०७६
- जिरि नगरपालिकाको बजेट २०७७/७८
- जिरि नगरपालिकाको पाश्र्वचित्र, बजेट बक्तब्य, नीति तथा कार्यक्रम २०७७/७८
- नेपाल सरकारको वजेट वक्तव्य, २०७७।७८
- वाग्मती प्रदेश सरकारको वजेट वक्तव्य, २०७७।७८
- अन्तर सरकारी वित्तीय हस्तान्तरण (प्रदेश र स्थानीय तह), आर्थिक वर्ष २०७७/२०७८, नेपाल सरकार
- आर्थिक वर्ष २०७७/२०७८ को बजेट वक्तव्य, वाग्मती प्रदेश सरकार
- आर्थिक वर्ष २०७७/२०७८का लागि सवारी साधन कर बाँडफाँडको अनुमानित विवरण, वाग्मती प्रदेश सरकार

# अनुसूची २: तथ्यांक तथा सूचना संकलनका लागि प्रयोग गरिएको सूची तथा फारम

## तथ्यांक संकलन सूची

**नगरपालिकाको संक्षिप्त परिचय तथा हालको अवस्थाः**

- संक्षिप्त परिचय
- मुख्य पूर्वाधारको अवस्था
- आर्थिक अवस्था
- सामाजिक, सांस्कृतिक तथा पर्यटकिय अवस्था

**नगरपालिकाको संगठन तथा राजस्व प्रशासनः**

- संगठन संरचना तथा कर्मचारीको विवरण
- भौतिक सुविधाहरु
- राजस्व शाखा तथा राजस्व प्रशासन
  - राजस्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण
  - कार्यकक्ष तथा कार्य स्थलकोपर्याप्तता
  - फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्यभौतिक सुविधाहरु
  - राजस्व सम्बन्धी डाटा वेस, राजस्व प्रशासनमा सप्फट्वेयर र त्यसको प्रयोग
  - कप्यूटर विलिङ्ग प्रणालिको प्रयोग
- वडा कार्यलयमा राजस्व प्रशासनको अवस्था

**नगरपालिकाको आय (आन्तरिक तथा वाह्य) सम्बन्धी विवरणः**

- विगत तीन आर्थिक वर्षहरु (२०७३/७४, ०७४/७५ र ०७५/७६) को यथार्थ आय विवरण
- चालु आर्थिक वर्षको (२०७६/७७) को अनुमानीत/बजेट विवरण र मंसिर मसान्तसम्मको यथार्थ संकलन
- चालु आर्थिक वर्षका लागि नगर सभाले पारित गरेको कर, शुल्क तथा दस्तुरका दरहरु

**अन्य दस्तावेज तथा सूचनाहरु**

- निर्वाचित पदाधिकारीहरुको विवरण
- नगर सभाले पारित गरेको आर्थिक ऐन
- राजस्वसंग सम्बन्धित अन्य नीति तथा कार्यक्रमहरु
- नगरपालिकाको बस्तुस्थिति विवरण (Profile)

  राजस्व परिचालनका लागि भएका प्रभावकारी प्रयासहरु

# राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यशाला

## सूचना संकलन फारम

### (क) कर राजस्व तर्फ

**१. सम्पत्ति कर**

- सम्पत्ति कर कार्यान्वयन प्रारम्भ भएको आर्थिक बर्ष:
- जम्मा करदाता संख्या:
- गत आ.ब. मा उठेको जम्मा रकम रु :
- चालु आ.ब.को वार्षिक लक्ष्य रु :
- चालु आ.ब. को फाल्गुण महिनासम्म उठेको रकम रु :
- अधिकतम र न्यूनतम कर तिर्ने व्यक्तिले कति तिरेका छन् ? अधिकतम रुः न्यूनतम रुः
- गत आ.ब.सम्मको बक्यौता रकम :

**२. भूमीकर (मालपोत)**

- नगरपालिका भित्रको जम्मा खेतीयोग्य जग्गाको कूल क्षेत्रफल : (न.पा.मा तथ्यांक उपलब्ध नभए मालपोत वा नापी कार्यालयबाट प्राप्त गर्न सकिने)
- गत आ.ब. मा उठेको रकम रु :
- गत आ.ब.सम्मको जम्मा बक्यौता रकम :

**३. व्यबसाय कर**

- दर्ता भएका व्यबसायिक फर्मको संख्या :
- गत आ.ब. मा उठेको जम्मा रकम रु :
- चालु आ.ब.को वार्षिक लक्ष्य रु :
- चालु आ.ब. को फाल्गुण महिनासम्म उठेको रकम रु :
- अधिकतम र न्यूनतम कर तिर्ने व्यक्तिले कति तिरेका छन् ? अधिकतम रुः न्यूनतम रुः
- गत आ.ब.सम्मको बक्यौता रकम :
- दर्ता हुन बाँकी रहेका फर्मको संख्या :

**४. घरजग्गा बहाल कर**

- संस्थागत रुपमा (बैंक, सरकारी, नीजि विद्यालय, सरकारी कार्यालय आदिलाई) भाडामा दिएका घरहरुको संख्या:          औषत मासिक घर भाडा रकम :
- व्यावसायिक फर्म (पसल, होटेल, रेष्टुर्ण्ट आदि) लाई भाडामा दिएका घरहरुको संख्या : औषत मासिक घर भाडा रकम :
- आवासिय प्रयोजनका लागि भाडामा दिएका घरको संख्या :        औषत मासिक घर भाडा रकम :
- चालु आ.ब.को वार्षिक लक्ष्य रु :
- चालु आ.ब. को फाल्गुण महिनासम्म उठेको रकम रु :

**५. जडिबुटी, कवाडी र जीवजन्तु कर**

- कवाडी संकलन गर्ने व्यबसायीको संख्याः          संकलन हुने कवाडीको औषत परिमाणः के.जी.
- प्रति के.जी. कवाडी करको दर:          चालु आ.ब.को लक्ष्य:

## (ख) गैर कर राजस्व तर्फ

**१. सिफारिश/प्रमाणित दस्तुर (वडा र नगरपालिका बाट गरिने सबै किसिमका)**

- गत आ.ब. मा सबै गरिएको सिफारिश प्रमाणितको संख्या :
- सिफारिश/प्रमाणित दस्तुरको न्यूनतम दरः  सिफारिस/प्रमाणित दस्तुरको अधिकतम दर :
- गतआ.ब. मा प्राप्त यथार्थ आय :
- चालु आ.ब.को वार्षिक लक्ष्य रु :
- चालु आ.ब. को फाल्गुण महिनासम्म उठेको रकम रु :
- वार्षिक रुपमा दर्ता र नविकरण सम्बन्धी सेवाको विबरण :

| क्र.सं. | सेवाको किसिम | संख्या | दस्तुरको दर | संकलन हुनसक्ने कूल राजस्व | गत आ.ब मा प्राप्त रकम |
|---|---|---|---|---|---|
| १ | एफएम रेडियो | | | | |
| २ | घ वर्गको निर्माण व्यबसायी इजाजत | | | | |
| ३ | विद्यालय स्थापना | | | | |
| ४ | पत्रपत्रिका | | | | |
| ५ | ब्यापारिक फर्म | | | | |
| ६ | सहकारी | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | अन्य | | | | |
| | **जम्मा** | | | | |

## २. भवन निर्माण अनुमति दस्तुर

- वार्षिक रुपमा निर्माण हुने नयाँ घरको संख्या :
- नक्शापास प्रकृयामा आउने गरेका घरहरुको प्रतिशत :
- नक्शापास दस्तुरको दर प्रतिवर्ग फीट :
- गत आ.ब. मा पास भएका नक्सा संख्याः        दस्तुर बापतको यथार्थ आय :
- चालु आ.ब.को वार्षिक लक्ष्य रु :
- चालु आ.ब. को फाल्गुण महिनासम्म उठेको रकम रु :

## ३. सेवाशुल्क

| **क्र.सं** | **सेवाको किसिम** | **दर** | **सेवाग्राहीको संख्या** | **संकलन हुनसक्ने कूल राजस्व** | **गत आ.ब मा प्राप्त रकम** |
|---|---|---|---|---|---|
| १ | हाटबजार | | | | |
| २ | पार्किङ्ग | | | | |
| ३ | बहाल बिटौरी शुल्क | | | | |
| ४ | फोहरमैला व्यवस्थापन (सरसफाई) | | | | |
| ५ | सडक वत्ति | | | | |
| ६ | शौचालय | | | | |
| ७ | पार्क | | | | |
| ८ | पर्यटकीय स्थल | | | | |
| ९ | सडक, वसपार्क | | | | |
| १० | अचल सम्पत्ति मूल्यांकन | | | | |
| ११ | अन्य | | | | |
| | **जम्मा** | | | | |

## ४. विक्री

| **क्र.सं.** | **सम्पत्तिको किसिम** | **EIA/IEEप्रतिबेदन अनुसारको परिमाण** | **दर** | **संकलन हुनसक्ने कूल राजस्व** | **गतआ.ब मा प्राप्त रकम** | **चालु आ.ब. को ठेक्का रकम** |
|---|---|---|---|---|---|---|
| १ | ढुङ्गा, गिट्टी, बालुवा, माटो<br><br>……… नाका<br><br>……… नाका | | | | | |
| २ | टेण्डर फर्म (वार्षिक संख्या) | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | पुस्तक वा नक्शा (संख्या) | | | | | |
| ४ | अन्य सम्पत्ति | | | | | |
| | **जम्मा** | | | | | |

### ५. सम्पत्ति भाडा

| क्र.सं. | सम्पत्तिको किसिम | परिमाण | दर | संकलन हुनसक्ने कूल राजस्व | गत आ.ब मा प्राप्त रकम | चालु आ.ब. को अनुमान |
|---|---|---|---|---|---|---|
| १ | मेसीनऔजार | | | | | |
| २ | घर वा जग्गा वा पोखरी | | | | | |
| ३ | अन्य सम्पत्ति | | | | | |
| | **जम्मा** | | | | | |

### ६. दण्ड जरिवाना

| क्र.सं. | दण्ड जरिवानाको किसिम | परिमाण | दर | संकलन हुनसक्ने कूल राजस्व | गत आ.ब मा प्राप्त रकम | चालु आ.ब. को अनुमान |
|---|---|---|---|---|---|---|
| १ | नक्शा पास | | | | | |
| २ | छाडा पशुवस्तु | | | | | |
| ३ | सडक वा सडक पेटी | | | | | |
| ४ | फोहार मैला | | | | | |
| ५ | अन्य | | | | | |
| | **जम्मा** | | | | | |

### ७. सवारी साधन कर (टांगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सा)

| क्र.सं. | सवारी साधनको किसिम | संख्या | दर | संकलन हुनसक्ने कूल राजस्व | गत आ.ब मा प्राप्त रकम | चालु आ.ब. को अनुमान |
|---|---|---|---|---|---|---|
| १ | रिक्सा | | | | | |
| २ | अटो रिक्सा | | | | | |
| ३ | विद्युतीय रिक्सा | | | | | |
| | **जम्मा** | | | | | |

### ८. प्रदेशसँग बाँडफाँट हुने राजस्व

| क्र.सं. | राजस्वको किसिम | परिमाण | दर | संकलन हुन सक्ने कूल राजस्व | गत आ.ब मा प्राप्त रकम | चालु आ.ब. को अनुमान |
|---|---|---|---|---|---|---|
| १ | सवारी साधन कर | | | | | |
| २ | घरजग्गा रजिष्ट्रेशन शुल्क | | | | | |
| ३ | मनोरंजन कर (करदाता) | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | विज्ञापन कर (करदाता) | | | | | |
| | **जम्मा** | | | | | |

९. नगरपालिकाको स्वामित्वमा रहेको जग्गा र यसको हालको उपयोग सम्बन्धी विबरणः

१०. नगरपालिका क्षेत्रभित्रको सार्वजनिक र पर्ति ऐलानी जग्गा र यसको हालको उपयोगको अवस्थाः

११. नगरपालिका क्षेत्रभित्रका महत्वपूणर् पर्यटकीय र धार्मिक स्थलहरु सम्बन्धी विबरण:

१२. आन्तरिक आयका अन्य कुनै थप संभाव्य स्रोत भएमा सोको विबरण :

# अनुसूची ३: राजस्व परिचालन तथा योजना तर्जुमा सम्बन्धी कार्यशालाको उपस्थिति विवरण

आज मिति २०७७ साल  जेष्ठ २५ गते जिरि नगरपालिका राजस्व परामर्श समितिका संयोजक श्री ..............को अध्यक्षतामा ....................सहयोग नियोग अन्तर्गत···························..को आर्थिक सहयोग र ...................................को प्राविधिक सहयोगमा जिरि नगरपालिकाको राजस्व  सुधार कार्ययोजना मस्यौदा प्रस्तुति तथा सुझाव संकलन कार्यशालामा तपशिल बमोजिमको उपस्थितिमा सञ्चालन गरियो।

उपस्थिति:

| क्रम संख्या | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |
| १६ | | | |
| १७ | | | |
| १८ | | | |
| १९ | | | |

| | | | |
|---|---|---|---|
| २० | | | |

**अनुसूची ४: राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरि कार्यपालिकामा पेश गरेको प्रतिवेदनको ढाँचा**

(स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय द्वारा प्रकाशित अनुसूची २ बमाजिम)

जिरि नगरपालिका

राजस्व परामर्श समितिको प्रतिवेदन

(क) पृष्ठभुमी

(ख) राजस्वको मौजुदा अवस्थाको विश्लेषण

(ग) राजस्व नितिहरु

(घ) करका आधारहरु

(ङ) आगामि आ. व. को लागी प्रस्तावित कर तथा गैरकर राजस्व दर

| सि. नं. | राजस्वका क्षेत्रहरु | चालु आर्थिक वर्षको दर | प्रस्तावित दर | पुस्ट्याई | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(च) आगामि आ. व. कोलागी प्रस्तावित कर तथा गैरकर राजस्व दर

| सि. नं. | राजस्वका क्षेत्रहरु | गत आ.व. को यथार्थ रकम | चालु आ. व. को संसोधित अनुमान | आगामि आ.व. को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

(छ) निश्कर्ष तथा सुझावहरु

...............................................

संयोजक......................................

सदस्य ......................................

**अनुसूची ४**

# जिरी नगरपालिकाको

## आर्थिक ऐन, २०७६

**नगरसभाबाट स्वीकृति भएको मिति २०७६।०३।११**

**जिरी नगरपालिका**

**दोलखा**

**३ नं. प्रदेश, नेपाल**

# आर्थिक ऐन-२०७६

## आर्थिक वर्ष २०७६/०७७ को लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने, तथा आय संकलनको प्रशासनीक ब्यवस्था गर्न बनेको ऐन,

**प्रस्तावना:** जिरी नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नगर सभाले यो ऐन बनाई लागु गरेको छ ।

नगर सभाबाट स्वीकृति मिति २०७६।०३।११ गते

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७६" रहेको छ ।(२) यो ऐन सम्वत २०७६ साल श्रावण १ गतेदेखि जिरी नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पति कर:** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गामा दफा ३ बमोजिम मालपोत लगाइनेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची (१) मा उल्लेख भएबमोजिम हुने। सम्बन्धित आ.ब.को सम्पत्तिकर पहिलो चौमासकभित्र बुझाएमा लाग्ने कर रकममा १० प्रतिशत छुट दिईनेछ ।

अघिल्लो आ.ब.को बक्यौता सम्पत्तिकर चालु आ.ब. को पहिलो चौमासिकभित्र बुझाएमा १० प्रतिशत मात्र जरिवाना लगाई असुल गरिनेछ । त्यसभन्दा पछि बुझाएमा २० प्रतिशत जरिवाना

लाग्नेछ । विगत आ.ब.हरुको कर रकममा बार्षिक २० प्रतिशतका दरले जरिवाना लगाईने र असुल उपर गरिनेछ ।

**३. मालपोतः** दफा २ बमोजिम घर र सो ले चर्चेको जग्गा बाहेक बाँकी जग्गामा अनुसूची २ बमोजिमको दरमा मालपोत लगाई असुल गरिनेछ ।

**४. घर जग्गा बहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थालेघर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा सो संरचना ब्यवसायिक प्रयोग भएको भए बहाल रकमको १०% र आवासीय रुपमा प्रयोग भएको भए बहाल रकमको ५% का दरले बहाल कर लगाई असुल गरिनेछ ।

**५. व्यवसाय करः** (१) नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम ब्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ । इजाजत प्राप्त ब्यवसायीहरुले वार्षिक रुपमा ब्यवसाय कर चुक्ता गरी ब्यवसाय नविकरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय दर्ता दस्तुर तथा नविकरण दस्तुर र ब्यवसाय करको दर ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न लाग्ने लगानीको आधारमा अनुसूची (३) मा तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिमको इजाजत विना नगरपालिका क्षेत्रभित्र कुनै पनि ब्यापार, ब्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन ।

(५) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनसूची (४) बमोजिमजडिबुटी, कवाडी तथा जीवजन्तुकर लगाइने र असूल उपर गरिनेछ ।

**७. विज्ञापन करः** (१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम प्रदेश नं. ३ संग बाँडफाँड गरिनेछ ।

**८. बहाल बिटौरी शुल्कः** (१) नगरपालिकाले आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची (६) बमोजिमको दरमा वहाल विटौरी शुल्क लगाउन र उठाउनेछ ।

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,

(ग) नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

**९. सेवा शुल्क, दस्तुरः** (१)नगरपालिका ले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका वा हुँने केबलकार, ट्रेकिङ्ग,प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) नगरपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुरलगाइने र असूल उपर गरिनेछ।

(क) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ख) शौचालय, पार्क, पौडी पोखरी, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह र त्यस्तै अन्य सुविधा,

(ग) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(घ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(ङ) नगरपालिका ले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,

(३) नगरपालिका ले एफ.एम. रेडियो, “घ” बर्गको निर्माण व्यबसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल्, स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर तोकी लगाइनेर उठाइनेछ ।

(४) दफा (१), (२) र (३) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर अनुसूची (७) मा उल्लेख भएबमोजिम हुनेछ ।

**१०. विक्री तथा निकासी शुल्कः** (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलवाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदिप्राकृतिक एवं खानीजन्य वस्तुहरुकोविक्री गर्न सक्नेछ ।व्यक्तिगत स्वामित्वमा रहेको जग्गाबाट ढुंगा, गिट्टी, बालुवा, माटो आदिको व्यावसायिक उत्पादन गरि गरिने विक्रि वितरण सम्बन्धमा कार्यपालिकाले कार्यविधि बनाई शुल्क लगाई असुल उपर गर्न र नियमन गर्न सक्नेछ ।

(२) नगरपालिकालेआफ्नो क्षेत्रभित्र उत्पादन भै आफ्नो सिमा क्षेत्रभन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको वाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम नगरपालिकाले गर्ने विक्रीको दर अनुसूची (८) मा तोकिए बमोजिम हुनेछ ।

(४) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर प्रचलित कानून बमोजिम मूल्यांकन गराई विक्रि गर्न सक्नेछ ।

(५) कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलामविक्री गर्न सक्नेछ ।

(६) कार्यपालिकाले नागरिकको सुविधाकोलागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा विक्री गर्न सक्नेछ ।

(७) उपदफा (१) बमोजिमका वस्तुहरु विक्री तथा उपदफा (२) बमोजिमकोनिकासी शुल्क असूलीका लागि विक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी वोलपत्र, दरभाउ पत्र वा डाँक बढावढकोमाध्यमवाट समेत गर्न सक्नेछ ।

**११. नक्सापास दस्तुर:** नगरक्षेत्रभित्र निर्माण गरिने भवनको नक्सापास दस्तुर अनुसूची (९) बमोजिम लगाईने र असुल उपर गरिनेछ ।

**१२. दण्ड जरिवाना:** (१) नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा यस ऐनमा वा अन्य सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ ।

**१३. कर छुट :** (१) दफा २ मा भएको व्यवस्था बाहेक बार्षिक रुपमा तिर्नुपर्ने राजश्व सोही आर्थिक बर्षको पहिलो चौमासिक भित्र र मासिक रुपमा तिर्नुपर्ने राजश्वको हकमा महिना समाप्त भएको सात दिनभित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने राजश्वको क्रमशः दश र पाँच प्रतिशत छुट दिइनेछ ।

(२) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई नगरसभाको निणर्य बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(३) कानूनमा ब्यवस्था भएको अवस्थामा वाहेक नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन । तर स्थानीय आर्थिक कृयाकलापमा उल्लेखनीय योगदान पुर्याउने किसिमका उद्योग व्यबसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

**१४. प्रशासकीय पुनरावलोकन र पुनरावेदन :** (१) नगरपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निणर्यमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनकोलागि निबेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निबेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा सम्लग्न पदाधिकारी वा कर्मचारीकोसहभागिता रहनेछैन ।

(३) उपदफा (१) बमोजिम पुनरालोकनकोलागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानविन तथा निणर्य गरी सम्वन्धित ब्यक्तिलाई निणर्यको जानकारी दिनु पर्नेछ ।

(४) नगरपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकीय पुनरावलोकन नगरेको कारणले करदालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा नगरपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्दछ ।

**१५. ठेक्का आह्वान गर्न सक्नेः** (१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्ष वा आवश्यकता अनुसार सो भन्दा बढिको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्नसक्नेछ ।

(२) यस दफा बमोजिमकोआय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्घि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यबस्था मिलाउनुपर्नेछ ।

(३) नगरपालिकालेसामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

**१६. सहयोग गर्नुपर्नेः** संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले नगरपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

**१७. प्रगतिशील कर प्रणाली अवलम्बन गरिनेः** नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

**१८. साझेदारी गर्न सक्नेः** नगरपालिकाले संकलन गर्ने कर, सेवा शुल्क वा दस्तुर संकलन गर्न कुनै उपयुक्त सस्थासंग साझेदारी गर्दा संकलन कार्य प्रभावकारी र मितव्ययि हुँने देखिएमा कार्यपालिकाले निणर्य गरि कार्यविधि बनाई साझेदारीमा गर्न सक्नेछ ।

**१९. कार्यविधि बनाउन सक्ने:** (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) विभिन्न अनुसूचीमा उल्लेख भएको कर दस्तुर, सेवा शुल्क वा दण्ड जरिवाना आदीमा कुनै शीर्षक छुट्न गएको अवस्थामा कार्यपालिकाले निणर्य गरि त्यस्तो शिर्षक थप गर्न तथा कर, दस्तुर, सेवाशुल्क निर्धारण गरि असुल उपर गर्न सक्नेछ ।

**२०. प्रचलित कानुन बमोजिम हुने:** यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

## अनुसूची (१)

### (ऐनको दफा २ को उपधारा २ बमोजिम)

१. सम्पत्ती कर को दर

| क्रमसंख्या | विवरण | दर रु. (सम्पत्ति) | कैफियत |
|---|---|---|---|
| १ | रु १ लाख देखि २ लाखसम्म | रु. ५०।- | |
| २ | रु २ लाख १ देखि रु. ३ लाख सम्म | रु. ७०।- | |
| ३ | रु ३ लाख १ देखि रु.४ लाख सम्म | रु. ९०।- | |
| ४ | रु ४ लाख १ देखि रु. ५ लाख सम्म | रु. ११०।- | |
| ५ | रु ५ लाख १ देखि रु. ६ लाख सम्म | रु. १४०।- | |
| ६ | रु ६लाख १ देखि रु.७ लाख सम्म | रु. १७०।- | |
| ७ | रु७ लाख १ देखि रु. ८ लाख सम्म | रु. २००।- | |
| ८ | रु ८ लाख १ देखि रु. ९ लाख सम्म | रु. २३०।- | |
| ९ | रु ९ लाख १ देखि रु. १० लाख सम्म | रु. २६०।- | |
| १० | रु १० लाख १ देखि रु. १२ लाख सम्म | रु. ३००।- | |

| | | | |
|---|---|---|---|
| ११ | रु १२ लाख १ देखि रु. १४ लाख सम्म | रु. ३४०।- | |
| १२ | रु १४ लाख १ देखि रु. १६ लाख सम्म | रु. ३८०।- | |
| १३ | रु १६ लाख १ देखि रु. १८ लाख सम्म | रु. ४२०।- | |
| १४ | रु १८ लाख १ देखि रु. २० लाख सम्म | रु. ४६०।- | |
| १५ | रु २० लाख १ देखि रु. २२ लाख सम्म | रु. ५२०।- | |
| १६ | रु २२लाख १ देखि रु. २४ लाख सम्म | रु. ५८०।- | |
| १७ | रु २४ लाख १ देखि रु. २६ लाख सम्म | रु. ६४०।- | |
| १८ | रु २६ लाख १ देखि रु. २८ लाख सम्म | रु. ७००।- | |
| १९ | रु २८ लाख १ देखि रु. ३० लाख सम्म | रु. ७६०।- | |
| २० | रु ३० लाख १ देखि रु. ३४ लाख सम्म | रु. ८६०।- | |
| २१ | रु ३४ लाख १ देखि रु. ३८ लाख सम्म | रु. ९६०।- | |
| २२ | रु ३८ लाख १ देखि रु. ४२ लाख सम्म | रु. १०६०।- | |
| २३ | रु ४२ लाख १ देखि रु. ४६ लाख सम्म | रु. १२६०।- | |
| २४ | रु ४६ लाख १ देखि रु. ५० लाख सम्म | रु. १३६०।- | |
| २५ | रु ५० लाख १ देखि रु. ६० लाख सम्म | रु. १६००।- | |
| २६ | रु ६० लाख १ देखि रु. ७० लाख सम्म | रु. १९००।- | |
| २७ | रु ७० लाख १ देखि रु. ८० लाख सम्म | रु. २२००।- | |
| २८ | रु ८० लाख १ देखि रु. ९० लाख सम्म | रु. २५००।- | |
| २९ | रु ९० लाख १ देखि रु. १ करोड सम्म | रु. २८००।- | |
| ३० | रु करोड १ देखि रु. १ करोड २० लाख सम्म | रु. ३५००।- | |
| ३१ | रु १ करोड २० लाख १ देखि रु. १ करोड ६० लाख सम्म | रु. ६०००।- | |

| | | | |
|---|---|---|---|
| ३२ | रु १ करोड ६० लाख १ देखि रु. २ करोड सम्म | रु. १००००।- | |
| ३३ | रु २ करोड १ देखि रु. २ करोड २० लाख सम्म | रु. १४०००।- | |
| ३४ | रु २ करोड २० लाख १ देखि रु. २ करोड ७० लाख सम्म | रु. १८०००।- | |
| ३५ | रु २ करोड ७० लाख १ देखि रु. ३ करोड ३० लाख सम्म | रु. २२०००।- | |
| ३६ | रु ३ करोड ३० लाख १ देखि रु. ४ करोड सम्म | रु. २६०००।- | |
| ३७ | रु ४ करोड १ देखि रु. ४ करोड ५० लाख सम्म | रु. ३००००।- | |
| ३८ | रु ४ करोड ५० लाख १ देखि रु. ५ करोड सम्म | रु. ३५०००।- | |
| ३९ | रु ५ करोड माथी जति भएपनि प्रति हजा रु. २ का दरले संपत्ति कर लाग्ने | | |

**२. उल्लेखित बमोजिमको कर योग्य रकम गणना गर्दा देहायको मुल्यांकन दर अनुसार गरिनेछ।**

**क. सडकले छोएको क्षेत्र**

| क्रम संख्या | | देखि | सम्म | विवरण | मूल्याङ्कन प्रतिरोपनी रु |
|---|---|---|---|---|---|
| १ | लामोसाँगु जिरी सडक | खाबा डाँडा बजार क्षेत्र वार्ड नं ७ | वडा नं ७ | मुल सडकले छोएको कित्ता | १५ लाख |
| | | बजार क्षेत्र सकिएपछि वार्ड नं ७ | जेम एकेडेमी छुट्ने सडक वडा नम्बर ६ | मुल सडकले छोएको कित्ता | ५ लाख |
| | | जेम एकेडेमी छुट्ने सडक वडा नम्बर ६ | अस्तला छुट्ने सडक वडा नं ६ | मुल सडकले छोएको कित्ता | २० लाख |
| | | अस्तला छुट्ने सडक वडा नं ६ | वाड नं ६सिमाना | मुल सडकले छोएको कित्ता | १० लाख |
| | | वाड नं ६ | लिङ्कन बसपार्क वार्ड नं | मुल सडकले | ७० लाख |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सिमाना | ५ | छोएको कित्ता | |
| | जिरी खिम्ति सडक | बसपार्क वार्ड नं ५ | खिम्ति खोला वार्ड नं ४ | मुल सडकले छोएको कित्ता | ३ लाख |
| २ | जिरी मालि श्यामा सडक | डम्पिङ साइड वार्ड नं ४ | स्टोन पार्क वार्ड नं १ | मुल सडकले छोएको कित्ता | कुमाथे डाँडासम्म ३ बाँकी दुई लाख |
| ३ | खावा डाँडा लहरे माने सडक | खावा डाँडा वार्ड न. ७ | चिपचपे छुट्ने सडक वार्ड नं९ | मुल सडकले छोएको कित्ता | १० लाख |
| | | चिपचपे छुट्ने सडक वार्ड नं ९ | हावाँको सिमाना वार्ड नं ९ | मुल सडकले छोएको कित्ता | ३ लाख |
| ४ | हाट डाँडा पुरानो गाउँ सडक | हाट डाँडा वार्ड नं ६ | हावाँको सिमाना वार्ड नं ९ | मुल सडकले छोएको कित्ता | ५ लाख |
| ५ | हाट डाँडा बजार क्षेत्र नं ६ | | | | ८ लाख |
| ६ | हाट डाँडा माथिल्लो सिक्रि सडक | हाट डाँडा वार्ड नं ६ | ठुक डाँडा वार्ड नं ७ | मूल सडकले छोएको कित्ता | ३ लाख |
| ७ | लिङ्कन सेराकाप्ति सडक | मूल सडकबाट बौद्ध स्तुपाझोलुङ्गेपुल फ्रेन्डसिप को सभाहल वडानं५ | | मूल सडकले छोएको कित्ता | २० लाख |
| | | झोलुंगे पुल र फेन्सी कोसभाहल वडा नम्बर ५ | आरन डाँडा वडानम्बर५ | मूलसडक लेछोएको कित्ता | १० लाख |
| | | आरन डाँडा वडा नम्बर ५ | ल्होसा गुम्बा वडा नम्बर ५ | मूल सडकले छोएको कित्ता | ७ लाख |

**क मा उल्लेखित बाहेकका बाँकी क्षेत्र**

| क्रमसंख्या | ठेगाना | जग्गा | |
|---|---|---|---|
| | | क्षेत्र | मूल्यांकन प्रतिरोपनी रु |
| १ | जि. न. पा. वडा नं १ | आवादि/कृषि क्षेत्र | रु. १ लाख |
| | | बाझो/ पाखा बारी | रु ५० हजार |
| २ | जि. न. पा. वडा नं २ | आवादि/कृषि क्षेत्र | रु. १ लाख |
| | | बाझो/ पाखा बारी | रु ५० हजार |
| ३ | जि. न. पा. वडा नं ३ | आवादि/कृषि क्षेत्र | रु. १ लाख |
| | | बाझो/ पाखा बारी | रु ८० हजार |
| ४ | जि. न. पा. वडा नं ४ | आवादि/कृषि क्षेत्र | रु. ३ लाख |
| | | बाझो/ पाखा बारी | रु. १ लाख |
| ५ | जि. न. पा. वडा नं ५ | आवादि/कृषि क्षेत्र | रु. ५ लाख |
| | | बाझो/ पाखा बारी | रु. १५० हजार |
| ६ | जि. न. पा. वडा नं ६ | आवादि/कृषि क्षेत्र | रु. ३ लाख |
| | | बाझो/ पाखा बारी | रु. १ लाख |
| ७ | जि. न. पा. वडा नं ७ | आवादि/कृषि क्षेत्र | रु. ३ लाख |
| | | बाझो/ पाखा बारी | रु. १ लाख |
| ८ | जि. न. पा. वडा नं ८ | आवादि/कृषि क्षेत्र | रु. २ लाख |
| | | बाझो/ पाखा बारी | रु. ८० हजार |
| ९ | जि. न. पा. वडा नं ९ | आवादि/कृषि क्षेत्र | रु. लाख |
| | | बाझो/ पाखा बारी | रु. ८० हजार |

**सम्पत्ती कर संकलन प्रयोजनको लागि**

**ख. घरको मूल्यांकन**

| क्रमसंख्या | घरको वर्गीकरण/ बनोट | दर प्रति वर्गफिट रु | कैफियत |
|---|---|---|---|
| १ | काठ/जस्ताको बार र जस्ताको छानो | १००।- | |
| २ | ढुंगा माटोको गाह्रो र जस्ताको छानो | २५०।- | |
| ३ | ढुङ्गा र सिमेन्ट जोडाई को गाह्रो र जस्ताको छानो | ३५०।- | |
| ४ | ईट्टा र सिमेन्ट जोडाई को गारो र जस्ताको छानो | ३५०।- | |
| ५ | ब्लक  जोडाईको गारो र जस्ताको छानो | ३५०।- | |
| ६ | ढुंगा र सिमेन्ट जोडाईको गारो र ढलान | ४००।- | |
| ७ | ईट्टा र सिमेन्ट जोडाई कोगारो र ढलान | ४००।- | |
| ८ | आर. सि. सि. फ्रेम स्ट्रकचर र ढलान | ५००।- | |
| नोटः घरको क्षेत्रफल एकीन गर्दा प्रत्येक तलाहरू को क्षेत्रफल जोडेर जम्मा क्षेत्रफल निर्धारण गरिनेछ | | | |

**ग. सम्पत्ती कर प्रयोजनका लागि घरको मूल्याङ्कन गर्दा गरिने ह्रासकट्टीः सम्पत्ति कर लगाउने प्रयोजनका लागि घरको मूल्याङ्कन गर्दा देहाय बमोजिम  ह्रासकट्टि गरिनेछ।**

| क्रमसंख्या | घरको वर्गीकरण /बनोट | प्रतिवर्ष ह्रासकट्टी दर प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | काठ/जस्ताको बार जस्ताको छानो | ३ प्रतिशत | |
| २ | ढुंगा माटोको गाह्रो र जस्ताको छानो | २ प्रतिशत | |
| ३ | ढुङ्गा र सिमेन्ट जोडाईको गारो र जस्ताको छानो | १.५० प्रतिशत | |
| ४ | ईट्टा सिमेन्ट जोडाईको गारो र जस्ताको छानो | १.५०प्रतिशत | |
| ५ | ब्लक जोडाई को गारो र जस्ताको छानो | १.५० प्रतिशत | |
| ६ | ढुङ्गा र सिमेन्ट जोडाईको गारो र ढलान | १.२५ प्रतिशत | |
| ७ | ईट्टा सिमेन्ट जोडाईको गारो र ढलान | १.२५ प्रतिशत | |

| | | | |
|---|---|---|---|
| ८ | आर. सि. सि. फ्रेम स्ट्रकचर र ढलान | १ प्रतिशत | |

## अनुसूची (२)
## (ऐनको दफा ३ संग संबन्धित)

**१. मालपोत**

**मालपोत संकलनको आधार**

**क. सडकले छोएको क्षेत्र**

| **क्रम संख्या** | | **देखि** | **सम्म** | **विवरण** | **दर(न्युनतमदेखि प्रति रोपनि) रु.** |
|---|---|---|---|---|---|
| १ | खाबा डाँडा बजार क्षेत्र वार्ड नं ७, बजार क्षेत्र सकिएपछि वार्ड नं ७, जेम एकेडेमी छुट्ने सडक वडा नम्बर ६, अस्तला छुट्ने सडक वडा नं ६, वार्ड नं ६ को सिमाना, | वडा नं ७ | | मुल सडकले छोएको कित्ता | खावाडाँडा बजार क्षेत्र वार्ड न. ७ |
| | | जेम एकेडेमी छुट्ने सडक वडा नम्बर ६ | मुल सडकले छोएको कित्ता | बजार क्षेत्र सकिएपछि वार्ड न. ७ | रु. १००\|- |
| | | अस्पताल छुट्ने सडक वडा नं ६ | मुल सडकले छोएको कित्ता | जेम एकेडेमी छुट्ने सडक वडा नम्बर ६ | रु. १०००\|- |
| | | वाड नं ६ को सिमाना | मुल सडकले छोएको कित्ता | अस्पताल छुट्ने सडक वडा नं ६ | रु. २००\|- |
| | | लिङ्कन बसपार्क वार्ड नं ५ वार्ड नं ७ | मुल सडकले छोएको कित्ता | वाड नं ६ को सिमाना | रु. २०००\|- |
| | | | | खावा डाँडा बजार क्षेत्र वार्ड न. ७ | रु. १०००\|- |
| २ | जिरी खिम्ति सडक | बसपार्क वार्ड नं | खिम्ति खोला | मुल सडकले | रु. १००\|- |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ५ | वार्ड नं ४ | छोएको कित्ता | |
| ३ | जिरी मालि श्यामा सडक | डम्पिङ साइड वार्ड नं ४ | स्टोन पार्क वार्ड नं १ | मुल सडकले छोएको कित्ता | रु. ९०|- र ७०- (क्रमशः वार्ड नं. ४ र १,२,३ कालागि |
| ४ | खावा डाँडा लहरे माने सडक | खावा डाँडा वार्ड नं ७/ चिपचपे छुट्ने सडक वार्ड नं ९ | चिपचपे छुट्ने सडक वार्ड नं९/हावाँको सिमाना वार्ड नं ९ | मुल सडकले छोएको कित्ता | रु. ८०/ रु. ६० |
| ५ | हाट डाँडा पुरानो गाउँ सडक | हाट डाँडा वार्ड नं ६ | हावाँको सिमाना वार्ड नं ९ | मुल सडकले छोएको कित्ता | रु.१००- र रु. ८०- क्रमशः ७ र ८,९ वार्ड |
| ६ | हाट डाँडा बजार क्षेत्र नं ६ | | | | रु.९०- |
| ७ | हाट डाँडा माथिल्लो सिक्रि सडक | | हाट डाँडा वार्ड नं ६ | मूल सडकले छोएको कित्ता | ठुक डाँडा वार्ड नं ७ |
| ८ | लिङ्कन सेराकाप्ति सडक | मूल सडकबाट बौद्ध स्तुपाझोलुङ्गेपुल फ्रेन्डसिप को सभाहल वडानं५ | | मूल सडकले छोएको कित्ता | रु.२००|- |
| | | झोलुंगे पुल र फेन्सी को सभाहल वडा नम्बर ५ | आरन डाँडा वडानम्बर५ | मूलसडक लेछोएको कित्ता | रु.११०|- |

**१ क मा उल्लेखित बाहेकका बाँकि क्षेत्र**

| क्रमसंख्या | ठेगाना | जग्गा | |
|---|---|---|---|
| | | क्षेत्र | मूल्यांकन प्रतिरोपनी रु |

| | | | |
|---|---|---|---|
| १ | जि. न. पा. वडा नं १ | आवादि/कृषि क्षेत्र | रु. २०।- |
| | | बाझो/ पाखा बारी | रु १५।- |
| २ | जि. न. पा. वडा नं २ | आवादि/कृषि क्षेत्र | रु. २०।- |
| | | बाझो/ पाखा बारी | रु १५।- |
| ३ | जि. न. पा. वडा नं ३ | आवादि/कृषि क्षेत्र | रु. २५।- |
| | | बाझो/ पाखा बारी | रु २०।- |
| ४ | जि. न. पा. वडा नं ४ | आवादि/कृषि क्षेत्र | रु. ५०।- |
| | | बाझो/ पाखा बारी | रु. ३०।- |
| ५ | जि. न. पा. वडा नं ५ | आवादि/कृषि क्षेत्र (जिरि लामो साँघु भन्दा बाहिरि झोलुङ्गे पुल, बौद्ध स्तुपा,फ्रण्डसिप सभाहल सम्मको कित्ता) | रु. १०००।- |
| | | आवादि/कृषि क्षेत्र (जिरि झोलुङ्गे पुल देखि आरन डाँडा ढुङ्गे सम्म) | रु. २००।- |
| | | आवादि/कृषि क्षेत्र(आरन डाँडा देखि नावोक, नारक, ताक्पा, लोसा सम्म) | रु. १५०।- |
| | | बाझो/ पाखा बारी | रु.८०।- |
| ६ | जि. न. पा. वडा नं ६ | आवादि/कृषि क्षेत्र | रु.८०।- |
| | | बाझो/ पाखा बारी | रु.६०।- |
| ७ | जि. न. पा. वडा नं ७ | आवादि/कृषि क्षेत्र | रु.५०।- |
| | | बाझो/ पाखा बारी | रु.३०।- |
| ८ | जि. न. पा. वडा नं ८ | आवादि/कृषि क्षेत्र | रु.२०।- |
| | | बाझो/ पाखा बारी | रु.१५।- |

| | | | |
|---|---|---|---|
| ९ | जि. न. पा. वडा नं ९ | आवादि/कृषि क्षेत्र | रु.२०।- |
| | | बाझो/ पाखा बारी | रु.१५।- |

**अनुसूची (३)**

**(ऐनको दफा ५ संग संबन्धित)**

**ब्यबसाय कर**

**क. ब्यबसाय करको विववरण र दरः**

| क्रम संख्या | व्यवसायको विवरण | कर दस्तुर रु. | | |
|---|---|---|---|---|
| | | दर्ता | नविकरण | व्यवसाय कर |
| १. | **चुरोट र रक्सी** | | | |
| | क) डिलर | २०००।- | १०००।- | ३०००।- |
| | ख) थोक विक्रेता | ७००।- | ५००।- | १५००।- |
| | ग) खुद्रा बिक्रेता | ५००।- | २५०।- | १०००।- |
| २. | **ज्वेलरी** | | | |
| | क) सबैखाले गहना निर्माण तथा विक्री गर्ने | १००।- | ५००।- | २०००।- |
| ३. | **कम्प्युटर, क्यामेरा,टेलेभिजन, रेडियो, मोबाईल, विद्युतीय सामान लगायतका इलेक्ट्रोनिक्स र इलेक्ट्रोनिक सामग्री** | | | |
| | क) डिलर | २०००।- | १०००।- | ३०००।- |
| | ख) थोक विक्रेता | १०००।- | ५००।- | २०००।- |
| | ग) खुद्रा बिक्रेता | ७५०।- | ३५०।- | १५००।- |
| ४. | **निर्माण सामग्री सप्लायर्स तथा हार्डवेयर पसल** | | | |
| | क) डिलर | ५०००।- | २०००।- | १००००।- |

| | | | | |
|---|---|---|---|---|
| | ख) थोक विक्रेता | ३५००।- | २०००।- | ७०००।- |
| | ग) खुद्रा बिक्रेता | २५००।- | १०००।- | ५०००।- |
| ५. | **फर्निचर तथा फर्निसिङ सामग्री** | | | |
| | क) डिलर | ६०००।- | २५००।- | १०००।- |
| | ख) थोक विक्रेता | ३०००।- | १५००।- | ५५००।- |
| | ग) खुद्रा बिक्रेता | २०००।- | १०००।- | ४०००।- |
| ६. | पेट्रोलियम पदार्थ (पेट्रोल, डिजल, मट्टितेल र ग्याँस) | | | |
| | क) डिपो/डिलर/पेट्रोल पंप | १०००।- | ५००।- | २०००।- |
| ७ | **पेण्टर/रङ्ग** | | | |
| | क) डिलर | ३०००।- | १५००।- | २५००।- |
| | ख) थोक विक्रेता | २०००।- | १०००।- | २०००।- |
| | ग) खुद्रा बिक्रेता | १०००।- | ५००।- | १५००।- |
| ८. | **दैनिक उपभोगका खाद्यपदार्थ (तरकारी, फलफूल, जुस, र कोक फ्यान्टा समेत)** | | | |
| | क) डिलर | ३०००।- | १०००।- | २५००।- |
| | ख) थोक विक्रेता | २५००।- | ८००।- | २०००।- |
| | ग) खुद्रा बिक्रेता | १०००।- | ५००।- | १५००।- |
| ९. | बेकरी | ५००।- | २५०।- | १०००।- |
| १०. | माछा मासु | ५००।- | २५०।- | १०००।- |
| ११. | **कपडा, फेन्सी कस्मेटिक र जुत्ता आदि** | | | |
| | क) थोक विक्रेता | ८००।- | ५००।- | २०००।- |
| | ख) खुद्रा विक्रेता | ५००।- | २५०।- | १०००।- |

| | | | | |
|---|---|---|---|---|
| १२. | **सवारी साधनको व्यापार र मर्म** | | | |
| | क) मोटरसाइकल,स्कुटर, हाते ट्याक्टर (पार्टस समेत) | १०००।- | ५००।- | २०००।- |
| | ख) हल्का र हेभि (पार्टस समेत) | ८००।- | २५०।- | १०००।- |
| १३. | **परामर्श तथा अन्य व्यवसायिक सेवा** (घर नक्सा बनाउने तथा लेखापरीक्षण कानुनीलगायतका व्यवसायिक सेवाहरु) | २५००।- | १५००।- | - |
| १४. | **निर्माण व्यवसाय** | | | |
| | 'घ' वर्गको (अन्य स्थानीय तहबाट इजाजत लिएको हकमा मात्र व्यवसाय दर्ता कर लाग्ने भीमेश्वर नगरपालिका बाट इजाजत लिएकोमा ब्यबसाय दर्ता कर नलाग्ने) | १००००।- | ५०००।- | २०००।- |
| १५. | **उत्पादनमुलक उद्योग** (कोरा माल वा अर्ध प्रसोधित माल वा खेर गईरहेको मालसामानको वा अन्य मालसामान पर्योग वा प्रशोधन गरी मालसामान उत्पादन गर्ने उद्धोग) | ५०००।- | २५००।- | २०००।- |
| १६. | **उर्जा मुलक उद्योग** | | | |
| | क) जलविद्युत् आयोजना, ५०० किलोवाटसम्म | १००००।- | ७०००।- | ३०००।- |
| | ख) जलविद्युत् आयोजना, ५०१एककिलोवाट देखि 1 मेगावाटसम्म | १५०००।- | १००००।- | ५०००।- |
| १७. | **वन्यजन्य उद्योग** | | | |
| | क) वन पैदावारमा आधारित उद्योग (अल्लो, नेपाली कागज, कपास, खोटो लगायत) | ५०००।- | २०००।- | २०००।- |
| १८. | **आवास, मोटेल, होटेल, रेस्टुराँ, रिसोर्ट आदि** | | | |
| | क) ५ ओटा सम्म कोठा भएको | १०००।- | ५००।- | २०००।- |
| | ख) पाँचवटा देखि १० वटासम्म कोठा भएको | १५००।- | १०००।- | २५००।- |
| | ग) सामान्य बास सहितको चिया खाजा होटल | ३००।- | १५०।- | ३००।- |
| १९. | **सेवा उद्योग** | | | |

| | | | | |
|---|---|---|---|---|
| | क) छापाखाना | १०००|- | ५००|- | १०००|- |
| | ख) सार्वजनिक परिवहन (यातायात व्यवसाय सञ्चालन तथा ढुवानी) | १०००|- | ५००|- | १०००|- |
| | ग) ब्यटि पार्लर, केश सिंगार, डाई क्लिनर्स, सिलाई, सैलुन आदि | ५००|- | २५०|- | १०००|- |
| | घ) डेरी उद्योग | ५००|- | २५०|- | १०००|- |
| | ङ) कम्प्युटर टाईपिङ्ग, फोटोकपि आदि | ५००|- | २००|- | १०००|- |
| | च) भाषा प्रशिक्षण कोचिङ्ग | ५०००|- | २०००|- | ३०००|- |
| २०. | **संचार सेवा** | | | |
| | क) मिडिया हाउस, रेडियो र यफ.एम. रेडियो | १००००|- | ५०००|- | २०००|- |
| | ख) निजी क्षेत्रका टेलिफोन, फ्याक्स, फोटोकपी एस. टि.डि. आइ.एस.टि.डि. इमेल, इण्टरनेट पेजिङ,साइबर आदि | १०००|- | २५०|- | ५००|- |
| २१. | **वित्तिय सेवा** (नेपाल सरकारको पूर्ण र अधिकांश स्वामित्व रहेको बाहेक) | | | |
| | क) विकास बैंक | १००००|- | ३०००|- | ५०००|- |
| | ख) वित्तीय कम्पनी | १००००|- | ३०००|- | ५०००|- |
| | ग) बिमा कम्पनी | १००००|- | ३०००|- | ५०००|- |
| | घ) लघुवित्त कम्पनी | ५०००|- | ३०००|- | २०००|- |
| | ङ) सहकारी संस्था | ५०००|- | ३०००|- | २०००|- |
| | च) अन्य वितीय कारोबार गर्ने संघसंस्था | ५०००|- | ३०००|- | २०००|- |
| **२२.** | **स्वास्थ्य सेवा** | | | |
| | क) निजीक्षेत्रको अस्पताल/ नर्सिङहोम | | | |
| | ख) पोलिक्लिनिक | | | |

| | | | | |
|---|---|---|---|---|
| | ग) क्लिनिक (डेण्टल क्लिनिक समेत) | १०००।- | ५००।- | २०००।- |
| | घ) औषधि पसल | १०००।- | ५००।- | २०००।- |
| २३. | **शिक्षा सेवा** | | | |
| | क) निजी विद्यालय | ५०००।- | २०००।- | ३०००।- |
| २४. | **अन्य व्यवसाय** | | | |
| | क) साइनबोर्ड बनाउने फ्लेक्स तयारी र प्रिन्टिङ सेवा | ५००।- | २०००।- | १०००।- |
| | ख) भाँडाकुँडा विक्रेता | १०००।- | ५००।- | २०००।- |
| | ग) मिल कुटानि पिसानि | ३००।- | १५०।- | ५००।- |
| | घ) ग्रील उद्योग कारखाना | २५००।- | १२५०।- | ५०००।- |
| | ङ) कृषिसँग सम्बन्धित व्यवसाय पसल | १०००।- | २५०।- | ५००।- |
| २५. | **स्टेशनरी** | | | |
| | क) थोक | १०००।- | ५००।- | २०००।- |
| | ख) खद्रा | ५००।- | २५०।- | १०००।- |
| २६. | कवाडी पसल/ संकलन | १०००।- | ५००।- | १०००।- |
| २७. | पशु औषधी पसल तथा पशु उपचार | १०००।- | २५०।- | ५००।- |
| २८. | **कृषि तथा पशुपालन व्यवसाय** | | | |
| | क) रु. एकदेखि तीन लाख सम्म पुजी | ५००।- | २५०।- | ५००।- |
| | ख) रु. तीन लाख १ देखि १० लाखसम्म पुजी | ७५०।- | ५००।- | ८००।- |
| | ग) रु. दश लाख भन्दा माथि पुजी | १०००।- | ७५०।- | ८००।- |
| २९. | एउटै व्यक्तिले डिलर, थोक र खुद्रा व्यवसाय सञ्चालन गरेमा थोक व्यवसायको कर लाग्नेछ। | | | |
| ३०. | एउटै व्यवसायबाट एकलाखभन्दा बढी बस्तु तथा सेवाको कारोबार गरेमा जुन वस्तु वा सेवाको व्यवसाय कर बढी छ सोही कर असुल गर्नुपर्नेछ। | | | |

| | |
|---|---|
| ३१. | बिगत आर्थिक वर्षहरुमा व्यवसायले भुक्तानी गर्नुपर्ने व्यवसाय कर आर्थिक वर्ष २०७६/७७ मा भक्तानी गरि व्यवसाय करको दायरामा आएमा अन्तिम पटकका लागि गत आर्थिक वर्षहरुको ब्यबसाय कर रकममा ५०% छट र बिलम्ब शुल्क मा पूर्ण छुट दिइनेछ। |
| ३२. | आर्थिक वर्ष २०७६/७७ को ब्यबसाय कर कार्तिक मसान्तभित्र भुक्तानी गरेमा १० प्रतिशत छुट र पुस मसान्तभित्र गरेमा ५% छुट दिइनेछ। |
| ३३. | आर्थिक वर्ष २०७६/७७ भित्र व्यवसाय कर असुल नभई पछिल्ला आर्थिक वर्षहरुमा असुल गर्दा प्रत्येक आर्थिक वर्षका लागि २५ प्रतिशतले थप विलम्ब शुल्क सहित असुल गरिनेछ। |

## अनुसूची (४)

**(ऐनको दफा ६ संग संबन्धित)**

**जडिबुटि,कवाडि, जिबजन्तु करको दर**

**जडिबुटि, बनकस**

| क्रमसंख्या | विवरण | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | सुनपाती | के.जी. | १.५० | |
| ३ | मजिटो | के.जी. | १.५० | |
| ५ | ओखर फलको बोक्रा | के.जी. | १.५० | |
| ८ | चिराइतो | के.जी. | २ | |
| ९ | चुत्रो को बोक्रा | के.जी. | ०.५० | |
| १२ | अल्लो | के.जी. | १.२५ | |
| १३ | झ्याउ | के.जी. | ५ | |
| १४ | अर्गेली | के.जी. | २.५० | |
| १७ | लोक्ता | के.जी. | ५.५० | |
| १८ | ठिङ्ग्रे सल्लाको सिम्टा | के.जी. | २० | |
| २२ | धसिंगरे तेल | के.जी. | २० | |
| २६ | तेजपात | के.जी. | ०.१५ | |

| | | | | |
|---|---|---|---|---|
| २८ | गाब्रे सल्लाको सिम्टा खोल्मे | के.जी. | ०.२५ | |
| ३० | गाब्रे सल्लाको पातको तेल | के.जी. | ३० | |
| ३२ | धुपिपात | के.जी. | १.५० | |
| ३७ | सुनपाती तेल | के.जी. | ५५ | |
| ३८ | साधारणतय च्याउ | के.जी. | २.५० | |
| ४० | नेपाली कागज | कोरी | ६ | |
| ४१ | सल्लो उत्तिस र अन्य बरामति काठ गोलिया | क्यू.फि. | ५ | |
| ४२ | सल्लो उत्तिस र अन्य बरामति काठ चिरान | क्यू.फि. | ५.५ | |
| ४७ | दाउरा ट्याक्टर | ट्रिप | २०० | |
| ४८ | दाउरा मिनीट्रक | ट्रिप | २५० | |
| ४९ | दाउरा ट्रक | ट्रिप | ४०० | |
| ५० | काठको भुस | ट्रिप | २५ | |
| ५१ | काठको भुस | ट्रिप | ५० | |
| ५२ | काठको भुस | ट्रिप | १०० | |
| ५३ | बाँस | गोटा | २ | |
| ६५ | लोठ सल्लाको पात | के. जी. | ५ | |

**ख) सबै प्रकारका कवाडी सामान संकलन गरी लैजाने व्यक्ति फर्म वा कम्पनीलाई लाग्ने कर**

| क्रमसंख्या | विवरण | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | ट्याक्टर | ट्रिप | ५००।- | |
| २ | मिनिट्रक | ट्रिप | ८००।- | |
| ३ | ट्रक | ट्रिप | १२००।- | |

| | | | | |
|---|---|---|---|---|
| ४ | ठूलो भ्यान | ट्रिप | १५००।- | |

## अनुसूची (५)

**(ऐनको दफा ७ संग संबन्धित)**

**विज्ञापन करको दर**

| **बिज्ञापनहरू सामग्रीको किसिम** | **करको दर रु** | **कैफियत** |
|---|---|---|
| सडक छेउमा व्यवसायिक प्रयोजनको लागि राखिएको होडिङ बोर्ड प्रति वर्ग फिट | २५। - | |
| भित्तेलेखन व्यक्तिगत वा सार्वजनिक भवन वा कम्पाउण्ड आदिमा प्रतिवर्गफिट | २०।- | |
| ग्लो साईन बोर्ड, डिपिएस बोर्ड प्रति वर्गफिट | २०।- | |
| तुल ब्यानर बढीमा एक महिनाको लागि प्रति वर्गफिट | १०।- | |
| होर्डिङबोर्ड, साइनबोर्ड, ग्लो बोर्ड, डिजिटल बोर्ड, धातुको फ्रेम वा अन्य बोर्ड नगरपालिकाले तोकेको स्थानमा मात्र राख्न पाइनेछ। | | |
| ब्यानर पूर्ण स्वीकृति लिएर मात्र राख्न पाइनेछ। अवधि सकिएपछि सम्बन्धित पक्षले ब्यानर हटाउनु पर्नेछ। ब्यानर नहटाएएमा नगरपालिकाले हटाई सोबापत को खर्च समेत असुल गरिने छ। | | |
| सुर्ती र मदिराजन्य वस्तुको विज्ञापन गर्न होर्डिङ बोर्ड, साईन बोर्ड, ग्लो बोर्ड वा ब्यानर आदि राख्न पाइने छैन। यस्तो विज्ञापन राखेमा रु ५० हजारसम्म जरिवाना गरी हटाउन लगाईनेछ।साथै त्यस्तो विज्ञापन नहटाएमा नगरपालिकाले हटाई सोबापत को खर्च समेत असुल गरिनेछ। | | |
| आर्थिक वर्ष सुरु भएको एक महिनाभित्र विज्ञापन कर चुक्ता गरी नवीकरण गर्नुपर्नेछ। | | |

## अनुसूची (६)

**(ऐनको दफा ८ को उपदफा २ संग संबन्धित)**

**बहाल बिटौरि शल्कको दर**

| क्रमसंख्या | विवरण | बाहाल बिटौरी शुल्कको दर | कैफियत |
|---|---|---|---|
| १ | काठको टहरा | नगरपालिकाले तोकेबमोजिम | |
| २ | हाट बजार पसल | नगरपालिकाले तोकेबमोजिम | |

| | | | |
|---|---|---|---|
| ३ | जिरि बसपार्क घुम्ति टहरा<br>क) समूह<br>ख) समूह<br>ग) समूह | प्रति बर्गमिटर<br>रु. ५०।-<br>रु. ३०।-<br>रु. २०।- | |

नगरपालिकाको स्वामित्वमा रहेको जग्गामा व्यक्तिले बनाएको संरचना वा नगरपालिका आफैंले निर्माण गरेको व्यापारिक भवन ठेक्कामा लगाउन सकिनेछ त्यस्तो संरचनामा लाग्ने मासिक शुल्क ठेक्का सम्झौता अनुसार हुनेछ।

## अनुसूची (७)

### (ऐनको दफा ९ को उपदफा ४ संग संबन्धित)

### सेवा शुल्क दस्तुर

**१. आयस्रोत मुल्याङ्कन सिफारिस शुल्क**

| क्रमसंख्या | विवरण | मुल्याङ्कन सेवा शुल्क दर | कैफियत |
|---|---|---|---|
| १ | आय स्रोतको कुल रकमको आधारमा | ०.२ % | |

नोटः बैदेशीक अध्ययन प्रयोजनको लागि आयस्रोत प्रमाणित गर्न माग भइ आएमा आयस्रोत मुल्याङ्कन दस्तुर न्युनतम रु. ५००० लिइने छ उक्त प्रयोजनको लागि मूल्याङ्कन गरिने आयश्रोत जे जति भएपनि मूल्यांकन दस्तुर २० हजार भन्दा बढी लिइने छैन।

**२. सम्पत्ति मूल्याङ्कन सिफारिस शुल्क**

क) सम्पति मूल्यांकन सिपारिस शुल्क प्रति हजार ५० पैसाका दरले लिइनेछ

ख) घर जग्गाको मुल्यांकन सम्पत्ती कर प्रयोजनको लागि पेश गरे बमोजिम गरिनेछ

ग) भौतिक संरचनाको मूल्याङ्कन वा सिफारिस सम्बन्धमा नक्शापास प्रमाण पत्र वा नक्सापास दस्तुर बुझाएको निस्सा अनिवार्य पेश गर्नु पर्नेछ।

**३. व्यक्तिगत घटना दर्ता दस्तुर**

| क्रमसंख्या | विवरण | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | ३५ दिन भित्र को घटना दर्तामा | दस्तुर निःशुल्क | |

| | | | |
|---|---|---|---|
| २ | त्यसपछि को घटना दर्तामा प्रति घटना | रु. ५० | |

## ४. सिफारिस दस्तुर

| क्रमसंख्या | विवरण | सिफारिस दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | नागरिकता | रु. १००- | |
| २ | नागरिकता प्रतिलिपी सिफारिस | रु. २००।- | |
| ३ | अंगीकृत नागरिकता सिफारिस | रु.१०००।- | |
| ४ | अन्य मुलुक जाने सिफारिस | रु.१०००।- | |
| ५ | नाम जन्ममिति संशोधन एउटै भएको सिफारिस | रु.१००।- | |
| ६ | विद्युत तथा धारा जडान सिफारिस | रु. २००।- | |
| ७ | विद्युत धारा नामसारि सिफारिस | रु. २००।- | |
| ८ | २५ किलो वाट वा क्षमतासम्म विद्युत् लाइन जडान | रु.१०००।- | |
| ९ | ५० किलो वाट क्षमतासम्म विद्युत् लाइन जडान | रु.२०००।- | |
| १० | १०० किलो वाट क्षमतासम्म विद्युत् लाइन जडान | रु.३०००।- | |
| ११ | **व्यवसाय दर्ता सिफारिस** | | |
| | क) रु १ देखि ५ लाख सम्म पुँजी भएको | रु. ५००।- | |
| | ख) रु ५ लाखदेखि १० लाखसम्म पुँजी भएको | रु.१०००।- | |
| | ग) रु १० लाखदेखि २० लाखसम्मको | रु.१५००।- | |
| | घ) व्यवसाय ठाँऊ सारी नामसारि सिफारिस | रु.३००।- | |
| | ङ) ब्यापार ब्यवसाय नभएको सञ्चालन नभएको सिफारिस | रु.२००।- | |

| | | | |
|---|---|---|---|
| **१२** | **उद्योग दर्ता** | | |
| | क) १० हर्ष पावर सम्मको | रु.१०००।- | |
| | ख) १०-२० हर्ष पावर सम्मको | रु.१५००।- | |
| | ग) २०-५० हर्ष पावर सम्मको | रु.२०००।- | |
| | घ) ५० हर्ष पावर भन्दा माथीको | रु. ३०००।- | |
| | ङ) उद्योग ठाँऊसारी नामसारि | रु.१०००।- | |
| | च) चौपाया सम्बन्धी सिफारिस | रु. २००।- | |
| | छ) आन्तरिक बसाइँसराइ सिफारिस | रु.१००।- | |
| | ज) व्यक्तिगत विवरण सिफारिस | रु.२००।- | |
| | झ) संरक्षक (व्यक्तिगत/ संस्थागत) सिफारिस | रु.२००।- | |
| १३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस साविकको बाटोमा | रु.५००।- | |
| १४ | नक्शापास नामसारि सिपारिस नक्सापास रकमको 20 प्रतिशत | | |
| १५ | पक्की घर निर्माणको लागि काठपात ल्याउने सिफारिस | रु.1000० | |
| १६ | कच्चि घर बनाउनको लागि काठपात ल्याउने सिफारिस | रु.५००ृ- | |
| १७ | सस्था दर्ता र सिफारिस | रु.५००।- | |
| १८ | सहकारी संस्था दर्ता सिफारिस | रु.१०००।- | |
| १९ | विद्यालय शिक्षा सम्बन्धी | | |
| | विद्यालय सञ्चालन स्विकृति | रु.१००००।- | |
| | व्यवसायिक तथा प्राविधिक तालिम केन्द्र संचालन | रु.१००००।- | |
| | कक्षा वृद्धि सिफारिस निजी | रु. ३०००।- | |

| | | | |
|---|---|---|---|
| | कोचिङ / ट्युसन कक्षा सञ्चालन | रु.२०००।- | |
| | विद्यालय ठाँऊसारी | रु. १०००।- | |
| २० | दलित जनजाती सिफारिस | रु. १००।- | |
| २१ | निशुल्क स्वास्थ्य उपचार अपाङ्ग सिफारिस | निःशुल्क | |
| २२ | जीवित रहेको सिफारिस | रु २००।- | |
| २३ | चारित्रिक सिफारिश / छात्रवृत्ति सिफारिस | रु. २००।- | |
| २४ | जग्गा धनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपी सिफारिस/ पुर्जामा घर कायम गर्ने सिफारिस | रु.२००।- | |
| २५ | घर कोठा खोल्ने | रु. ५००।- | |
| २६ | उजुरी मिलापत्र लिखित जवाफ दायरी | रु. १००।- | |
| २७ | रूख रुख कटान प्रतिगोटा | रु.५०।- | |
| २८ | जन्ममिति विवाह घर पाताल कागजमा मन्जुरीनामा कोइरालाका हकदार अविवाहित प्रमाणित | रु. २००।- | |
| २९ | **जग्गा सम्बन्धी सिफारिस** | | |
| | **घर बाटो प्रमाणित प्रतिकित्ता** | | |
| | लामोसाँघु जिरी सडक सँग जोडिएका जग्गा (अंशवण्डा बेचबिखन भएमा) | रु.५००-१००।- | |
| | कच्चि ग्राभेल जिल्ला सडक सँग जोडिएका जग्गा अंशवण्डा/ बेचबिखन भएमा | रू.४००-५००।- | |
| | ग्रामीण सडक सँग जोडिएका जग्गा तथा अन्य जग्गाहरु | रु.२००-३००।- | |
| | **चारकिल्ला प्रमाणित** | | |
| | क) वित्तीय कारोबार प्रति कित्ता | रु.५००।- | |

| | | | |
|---|---|---|---|
| | ख) अन्य प्रयोजनको लागि | रु. ३००।- | |
| | जग्गा नामसारि/ सिफारिस | रु.५००।- | |
| | छुट जग्गा नाम्सारी/ दर्ता सिफारिस | रु.५००।- | |
| | सर्जमिन सहित जग्गा नामसारि/ दर्ता सिफारिस | रु.१०००।- | |
| | जग्गाधनी प्रतिलिपि सिफरिस | रु.५००।- | |
| | जग्गाधनी प्रमाण पुर्जा मा फोटो टाँस सिफारिस | रु.५००।- | |
| | हकबन्दी फुकुवा | रु.२०००।- | |
| ३० | स्थलगत सर्जमिन सबै | रु.५००।- | |
| ३१ | फरक फरक नाम थर | रु.५००।- | |
| ३२ | हकदार सिफारिस | रु.५००।- | |
| ३३ | तिनपुस्ते सिफारिस | रु.५००।- | |
| ३४ | नाता प्रमाणित | रु.३००।- | |
| ३५ | कृषि फर्म दर्ता | रु.५००।- | |
| ३६ | खानेपानी मुहान दर्ता सिफारिस | रु.1000 | |
| ३७ | खानेपानी / सिचाई नवीकरण | रु.500 | |
| ३८ | योजना तथा योजनाहरु दातृ निकायहरूसँग माग सिफारिस | रु.१०००।- | |
| ३९ | लघुजलविद्युत् आयोजना १ मेगावाट भन्दा कमको सर्वेक्षण अनुमति सिफारिस | रु.५०००।- | |
| ४० | लघु जलविद्युत् आयोजना एक मेगावाट भन्दा माथि १० मेगावाट सम्मको सर्वेक्षण अनुमति सिफारिस | रु.१००००।- | |
| ४१ | जल विद्युत आयोजना १० मेगावाट भन्दा माथि सर्वेक्षणको अनुमति | रु.५००००।- | |

| | | | |
|---|---|---|---|
| | सिफारिस | | |
| ४२ | टेण्डर फाराम/ दरभाउपत्र बिक्री | सूचनामा तोके अनुसार | |
| ४३ | अन्य सिफारिस शुल्क | रु. १५०।- | |
| ४४ | घर अन्तिम निरीक्षण सिफारिस (पुनःनिर्माण) | रु. ५००।- | |

### ७. फोहरमैला व्यवस्थापन सेवा शुल्क मासिक निम्नअनुसार लगाइनेछ

| क्रम संख्या | विवरण | सेवा शुल्क दर रु. | कैफियत |
|---|---|---|---|
| १ | आवासीय घर पक्की<br>आवासीय घर कच्ची | रु. २००।-<br>रु .५०।- | |
| २ | **क) व्यवसायिक घर कच्ची**<br>थप प्रति पसल /सटर<br>**ख) व्यवसायिक घर पक्कि**<br>थप प्रति पसल / सटर (किराना,लुगा, औषधि, फलफुल, तरकारी, तथा अन्य | रु .५०।-<br>रु .५०।-<br>रु .५०।-<br>रु .२००।-<br>रु .१००।- | |
| | सामान्य प्रकृतिका चिया खाजा सटर | रु .१५०।- | |
| | ठूला प्रकृतिका होटेल लज निजी घर | रु .५००।- | |
| | ठूला प्रकृतिका होटल लज घरमा घरधनी समेत छुट्टै बसेका (घरधनीको) | रु .२००।- | |
| ३ | हस्पिटल | रु .१५००।- | |
| ४ | अन्य संघसंस्था | रु .५००।- | |
| ५ | निजी विद्यालय | रु .१०००।- | |
| ६ | मेला महोत्सब लगायतका कार्यक्रम (एकपटकको) | रु .२०००।- | |
| ७ | उद्योगहरु तथा बधशाला | रु .५००।- | |

| | | | |
|---|---|---|---|
| ८ | निर्माणाधीन भवन (एक मुष्ठ) | रु .५००।- | |
| ९ | बसपार्कमा पार्किङ गर्ने सार्वजनिक बस तथा माइक्रोबसलाई (दैनिक) | रु .१०।- | |

**अनुसूची (८)**

**(ऐनको दफा १० को उपदफा ३ संग संबन्धित)**

**बिक्रि शुल्क दस्तुरको दर**

| क्रम संख्या | बिक्री हुने बस्तु | शुल्क दस्तुर रकम रु | कैफियत |
|---|---|---|---|
| १ | प्राकृतिक एवं खनिजजन्य वस्तुहरूको विक्री प्रति घनफिट | | |
| | क) ढुंगा | रु .२।- | |
| | ख) गिट्टी | रु .२।- | |
| | ग) बालुवा | रु .२।- | |
| | घ) माटो | पैसा ५०।- | |
| | ङ) काठ | | |
| | १) चिरान | रु. ३.५०।- | |
| | २) गोलिया | रु.३।- | |

**अनुसूची (९)**

**(ऐनको दफा ११ संग संबन्धित)**

**१. नक्सापास दस्तुर**

**क) आवासीय भवन**

| क्रम संख्या | भवनको प्रकार | बेसमेण्ट तला प्रति वर्ग फुट रु. | भुइँ तल्ला प्रतिवर्गफिट रु. | पहिलोतल्ला प्रतिवर्गफिट रु. | दोस्रो तल्ला प्रतिवर्गफि | तेस्रो तला र सोभन्दा माथि प्रति |
|---|---|---|---|---|---|---|

| | | | | | **ट रु.** | **वर्गफिट रु.** |
|---|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७६/७७ | २०७६/७७ | २०७६/७७ | २०७६/७७ |
| १ | आर.सि. सि. पिलर भएको | ४।- | ५।- | ६।- | ७।- | ८।- |
| २ | ढुङ्गा वा ईट्टा वा ब्लकमा सिमेन्ट बालुवा को गारो - आर. सी.सी.को छाना भएको | - | ४।- | ५।- | ६।- | - |
| ३ | सिमेन्टको जोडाईमा ढुंगा वा इटा ब्लकको गारो- जस्ता वा टायलको छाना भएको | - | ३।- | ४।- | - | - |
| ४ | पटाहाको घेराबेरा लगायतका कच्ची भवन | - | १।- | १।- | - | - |

**ख)ब्यापारिक भवन**

| **क्रम सं ख्या** | **भवनको प्रकार** | **बेसमेण्ट तला प्रति वर्ग फुट रु.** | **भुइँ तल्ला प्रतिवर्गफिट रु.** | **पहिलोतल्ला प्रतिवर्गफिट रु.** | **दोस्रो तल्ला प्रति वर्ग फिट रु.** | **तेस्रो तला र सो भन्दा माथि प्रति वर्ग फिट रु.** |
|---|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७६/७७ | २०७६/७७ | २०७६/७७ | २०७६/७७ |
| १ | आर.सि. सि. पिलर भएको | ६।- | ७।- | ८।- | ९।- | १०।- |
| २ | ढुङ्गा वा ईट्टा वा ब्लकमा सिमेन्ट बालुवा को गारो आर. सी.सी.को छाना भएको | - | ६।- | ७।- | ८।- | - |
| ३ | सिमेन्टको जोडाईमा ढुंगा वा इटा ब्लकको गारो- जस्ता वा टायलको छाना भएको | - | ४।- | ५।- | - | - |

**ग) दण्ड जरिवाना**

नक्सा पास विना भवन निर्माण गरेमा निम्न उपर दण्ड जरिवाना लाग्ने छ तर मापदण्ड विपरीत बनेको बन्ने घरहरूको हकमा नक्सा पास हुनेछैन।

| क्रमसंख्या | विवरण | प्रस्तावित लाग्ने जरिवानाको दर | कैफियत |
|---|---|---|---|
| १ | जगको कार्य सम्पन्न | नक्सापास दस्तुरको २५ % | |
| २ | डि.पि.सि्. को कार्य सम्पन्न | नक्सापास दस्तुरको ३५% | |
| ३ | गारो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ३५% | |
| ४ | ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५ % | |
| ५ | निर्माणकार्य सम्पन्न | नक्सापास दस्तुरको सत प्रतिशत | |


नोटः उल्लेखित जरिवाना निर्माण भएको हो तल्लाको आधारमा लिइने छ

**घ)भवन तला थपमा**

| क्रमसंख्या | विवरण | २०७६/७७ | कैफियत |
|---|---|---|---|
| १ | गारो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ५०% | |
| २ | पहिलो ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% | |
| ३ | दोस्रो ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% | |

**पुनश्चः** माथि उल्लेख भएको कर तथा गैर कर राजस्व थपघट गर्नुपरे तथा उल्लेख नभएको हकमा राजस्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाको बैठकबाट निर्णय गरी कर तथा दस्तुर निर्धारण गरिनेछ।

# अनुसुचि- ५ फोटो ग्यालरी






# जिरी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## जिरी, दोलखा

बागमती, प्रदेश नेपाल

पत्र संख्याः२०७७/०७८
चलानी नं. १८९६

जिरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय दोलखा जिल्ला बागमती प्रदेश, नेपाल

मिति:-२०७८/०३/१२

जो जस संग सम्वन्धित छ ।

विषय:- तथ्याङ्क संकलन सम्बन्धमा ।

प्रस्तुत विषयमा प्रदेश सुशासन केन्द्र, वागमती प्रदेश अन्तर्गत संचालनमा रहेको राजश्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan - RIAP) तर्जुमा कार्यको सन्दर्भमा नेपाल डेभलपमेन्ट कन्सल्टेन्सीका तर्फबाट परामर्शदाता टोली नेता डा. यादवमणी उपाध्यायको नेतृत्वमा रहेको टोलीले यस जिरी नगर कार्यपालिकाको कार्यालय, जिरीमा राजश्व सुधार सम्बन्धमा छलफल तथा तथ्याङ्क संकलन गर्ने कार्य भएको व्यहोरा प्रमाणित गरिन्छ ।


२०७८/०३/१२

श्याम बहादुर खनाल

प्रशासकीय अधिकृत

Clean Jiri, Green Jiri, Organic Jiri
Phone No: 049-414002/3 E-mail : jirimunicipalityjiri@gmail.com web: www.jirimun.gov.np






| | | | | |
|---|---|---|---|---|
| | ख) थोक बिक्रेता | | 500 | |
| | ग) खुद्रा बिक्रेता | 500 | 250 | १००० |
| 2. | ज्वेलरी | | | |
| | क) सबै खाले गहना निर्माण तथा बिक्री गर्ने | 100 | 500 | २००० |
| 3. | कम्प्युटर, क्यामेरा, टेलिभिजन, रेडियो, मोबाइल, विद्युतीय सामान लगायतका इलेक्ट्रोनिक्स र इलेक्ट्रिकल सामग्री | | | |
| | क) डिलर | 2000 | 1000 | ३००० |
| | ख) थोक बिक्रेता | 1000 | 500 | २००० |
| | ग) खुद्रा बिक्रेता | 750 | 350 | १५०० |
| 4. | निर्माण सामाग्री सप्लायर्स तथा हर्डवयर पसल | | | |
| | क) डिलर | 5000 | 2000 | १०००० |
| | ख) थोक | 3500 | 2000 | ७००० |
| | ग) खुद्रा | 2500 | 1000 | ५००० |
| 5. | फर्निचर तथा फर्निसिङ सामग्री | | | |
| | क) डिलर | 6000 | 2500 | १०००० |
| | ख) थोक बिक्रेता | 3000 | 1500 | ५५०० |
| | ग) खुद्रा बिक्रेता | 2000 | 1000 | ४००० |
| 6. | पेट्रोलियम पदार्थ (पेट्रोल, डिजल, मट्टितेल र ग्यास) | | | |
| | क) डिपो/डिलर/पेट्रोल पम्प | 1000 | 500 | २००० |